# अटिजम केयरगिभर

## Autism Caregiver

### ३९० घण्टा अवधिको पाठ्यक्रम

### (दक्षतामा आधारित पाठ्यक्रम)

प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद

**पाठ्यक्रम विकास तथा समकक्षता निर्धारण महाशाखा**

सानोठिमी, भक्तपुर

निर्माण २०८१ (२०२५)

# विषयसूची

परिचय ........ 4
लक्ष्य ........ 4
उद्देश्य ........ 4
पाठ्यक्रम विवरण र संरचना ........ 4
पाठ्यक्रमको विशेषता ........ 4
तालिम अवधि ........ 4
लक्षित समूह ........ 4
लक्षित स्थान ........ 4
प्रशिक्षार्थी संख्या ........ 5
प्रशिक्षणको भाषा ........ 5
प्रशिक्षार्थीको उपस्थिति ........ 5
प्रवेश मापदण्ड ........ 5
प्रशिक्षकको योग्यता ........ 5
प्रशिक्षक-प्रशिक्षार्थीको अनुपात ........ 5
प्रभावकारी प्रशिक्षण तथा प्रदर्शनका लागि आवश्यक सामग्रीहरू ........ 5
प्रशिक्षण विधि ........ 5
प्रशिक्षार्थी मूल्याङ्कन ........ 5
प्रशिक्षार्थीको मूल्याङ्कन तथा ग्रेड निर्धारण ........ 6
प्रमाणपत्र प्रदान ........ 6
सीप परीक्षणको व्यवस्था ........ 6
प्रशिक्षण सम्बन्धी सुझाव ........ 6
पाठ्यक्रम कार्यान्वयनको लागि सुझाव ........ 7
दक्षताको सूची ........ 7
मोड्युल क्रम ........ 9
पाठ्यक्रम संरचना ........ 10
मोड्युल १: पेशागत परिचय (Occupational Introduction) ........ 12
मोड्युल २: पेशागत सुरक्षा र स्वास्थ्य (Occupational Safety and Health) ........ 15
मोड्युल३: उद्यमशीलता विकास (Entrepreneurship Development) ........ 25
मोड्युल ४: स्वास्थ्य र कल्याण (Health and Wellness) ........ 30
मोड्युल ५: सामाजिक सीप विकास र संवेग नियन्त्रण ........ 35
मोड्युल ६: संचार सीपको विकास (Communication Skills Development) ........ 47
मोड्युल ७: व्यवहार व्यवस्थापन (Behavioural Management) ........ 56

मोड्युल ८: व्यक्तिगत हेरचाह तथा सरसफाइ र खेल कौशल ........ 61
औजार, उपकरण तथा सामग्रीहरू ........ 75
आवश्यक स्टेसनरी ........ 80
पूर्वाधार तथा सुविधाहरू ........ 81
आभार ........ 82

**परिचय**

यो पाठ्यक्रम दक्षतामा आधारित पाठ्यक्रम (Competency-based Curriculum) हो। यस पाठ्यक्रमले प्रशिक्षकहरूलाई सम्बन्धित पेशाको लागि आवश्यक पर्ने आधारभूत ज्ञान तथा सीपहरू प्रदर्शन तथा प्रशिक्षण गर्न र प्रशिक्षार्थीहरूलाई व्यक्तिगत एवम् औजार, उपकरण तथा सामग्रीहरूको सुरक्षालाई पहिलो प्राथमिकता दिएर प्रयोगात्मक अभ्यास मार्फत सीप प्राप्त गर्न र दक्ष हुन मार्ग निर्देशन प्रदान गर्दछ। यस पाठ्यक्रममा आधारित रहेर सञ्चालित तालीम कार्यक्रमबाट उत्पादित जनशक्ति सम्बन्धित पेशाको लागि आवश्यक पर्ने सीपहरूमा दक्षता हासिल गरेर अथवा आफूसँग भएका परम्परागत सीप र ज्ञानलाई समेत नवीनत्तम प्रविधि अनुसार सुधार गरी बजार सान्दर्भिक सक्षम पेशाकर्मीको रुपमा स्वरोजगार हुन अथवा सम्बन्धित क्षेत्रमा रोजगारी प्राप्त गर्न सक्षम हुनेछन्।

**लक्ष्य**

सम्बन्धित क्षेत्रमा सीपयुक्त जनशक्ति उत्पादन गरी रोजगारी तथा स्वरोजगारका अवसरहरू सिर्जना गर्ने।

**उद्देश्य**

यस पाठ्यक्रममा आधारित रहेर सञ्चालित तालिम कार्यक्रमको अन्तमा प्रशिक्षार्थीहरूले निम्न कार्यहरू गर्न सक्नेछन्।

- पेशागत स्वास्थ्य तथा सुरक्षा व्यवस्थापन गर्न,
- पोषण व्यवस्थापन गर्न,
- सामाजिक सीप विकास र संवेग नियन्त्रण गर्न,
- स्वास्थ्य र कल्याणको सीप विकास गर्न,
- संचारका सीप विकास गर्न,
- व्यक्तिगत हेरचाह तथा सरसफाइ र खेल कौशलको सीप प्रदर्शन गर्न,
- रोजगार तथा स्वरोजगार भई आय आर्जन गर्न ।

**पाठ्यक्रम विवरण र संरचना**

यो पाठ्यक्रम अटिजम केयरगिभर (Autism Caregiver) ले सम्पादन गर्ने कार्यमा आधारित छ र उक्त कार्यहरूलाई विभिन्न मोड्युलहरूमा समावेश गरिएको छ। साथै यसमा व्यक्तिगत सुरक्षा र स्वास्थ्य सम्बन्धी मोड्युल र उद्यमशीलता विकास सम्बन्धी मोड्युल पनि समावेश गरिएको छ (पाठ्य संरचना हेर्नुहोस्)।

**पाठ्यक्रमको विशेषता**

यो पाठ्यक्रम दक्षतामा आधारित पाठ्यक्रम भएकोले यसमा प्रशिक्षार्थी केन्द्रित सिकाइलाई अनिवार्य गरिएको छ। यस पाठ्क्रमको ८० प्रतिशत समय सीप सिकाइमा र २० प्रतिशत समय सैद्धान्तिक ज्ञानको लागि छुट्याइएको छ। तसर्थ, यस पाठ्क्रमको जोड पाठ्क्रममा समावेश गरिएका सीपहरू प्रदान गर्न वा सिकाउनमा हुनेछ।

**तालिम अवधि**

३९० घण्टा

**लक्षित समूह**

- औपचारिक प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्राप्त गर्न इच्छुक युवाहरू
- बेरोजगार युवाहरू

**लक्षित स्थान**

यस पाठ्यक्रम बमोजिम तालिम कार्यक्रम सञ्चालन हुन सक्ने कुनै पनि स्थान

**प्रशिक्षार्थी संख्या**

एक समूहमा अधिकतम २० जना

**प्रशिक्षणको भाषा**

प्रशिक्षणको भाषा नेपाली हुनेछ। यद्यपी, छलफल स्थानीय भाषामा र प्राविधिक शब्दावलीहरू (Technical Terminologies) अंग्रेजीमा प्रयोग गर्न सकिनेछ।

**प्रशिक्षार्थीको उपस्थिति**

तालिम अवधिभर प्रशिक्षार्थीको उपस्थिति प्रत्येक मोड्युलमा कम्तीमा ९० प्रतिशत पुगेको हुनु पर्नेछ । अन्यथा प्रमाणपत्र पाउन योग्य मानिने छैन।

**प्रवेश मापदण्ड**

निम्न आधार पूरा गरेका व्यक्तिहरू यस तालिममा प्रवेश पाउनेछन् ।

- आधारभूत शिक्षा (कक्षा ८) उत्तीर्ण र १८ वर्ष उमेर पुगेका नागरिकहरू
- प्रवेश परीक्षा उत्तीर्ण गरेका व्यक्तिहरू

**प्रशिक्षकको योग्यता**

- सामान्य चिकित्सा वा फिजियोथेरापीमा डिप्लोमा तथा प्रमाणपत्र तह उत्तीर्ण गरेको वा
- सामुदायिक स्वास्थ्य सहायक उत्तीर्ण गरी सम्बन्धित धारमा ३ वर्षको कार्य अनुभव भएको

**प्रशिक्षक-प्रशिक्षार्थीको अनुपात**

- प्रयोगात्मक कक्षाको लागि अनुपात - १:१०
- सैद्धान्तिक कक्षाको लागि अनुपात - १:२०

**प्रभावकारी प्रशिक्षण तथा प्रदर्शनका लागि आवश्यक सामग्रीहरू**

- हातेपुस्तिका (Handout), रुजु सूची (Checklist)
- डिस्प्ले नमुनाहरू, फिल्म चार्ट, पोष्टर, बोर्ड
- श्रव्यदृष्य सामग्री, मल्टिमिडिया प्रोजेक्टर
- कम्प्युटरमा आधारित प्रशिक्षण सामग्री (इन्टरनेटमा उपलब्ध शिक्षण सामग्री, अन्तरक्रियात्मक भिडियो)
- वास्तविक वस्तु (Real Object)

**प्रशिक्षण विधि**

यस पाठ्यक्रममा आधारित रहेर तालिम सञ्चालन गर्दा वयस्क सिकाइका रणनीति अवलम्बन गरिनेछ र प्रशिक्षणको क्रममा उदाहरणयुक्त व्याख्या (Illustrated Talk), छलफल (Discussion), प्रदर्शन (Demonstration), समूह कार्य (Teamwork), निर्देशित अभ्यास (Guided Practice), एकल अभ्यास (Individual Practice), लगायत नवीनतम प्रशिक्षण विधिहरू प्रयोग गरिनेछ। प्रशिक्षकले प्रशिक्षण गर्दा स्वास्थ्य, सुरक्षा, हरित सीप, सैदान्तिक तथा व्यवहारिक अभ्यासलाई प्राथमिकता राखेर प्रशिक्षण गराउनु पर्नेछ।

**प्रशिक्षार्थी मूल्याङ्कन**

- प्रशिक्षार्थीहरूले प्राप्त गरेको सीपको मूल्याङ्कन सम्बन्धित प्रशिक्षकले नियमित रूपमा गर्नुपर्नेछ।

- प्रशिक्षार्थीहरूले सिकेको सम्बन्धित प्राविधिक ज्ञानको मूल्याङ्कन सम्बन्धित प्रशिक्षकले मौखिक वा लिखित परीक्षाद्वारा गर्नुपर्नेछ।
- प्रशिक्षार्थी सफल हुन प्रत्येक मोड्युलको प्रयोगात्मक र सैद्धान्तिक दुवै मूल्याङ्कन गरी कम्तीमा ६० प्रतिशत अङ्क प्राप्त गर्नुपर्नेछ।
- प्रत्येक मोड्युलमा कम्तीमा १ वटा आन्तरिक मूल्याङ्कन र तालिमको अन्तमा एउटा प्रयोगात्मक र सैद्धान्तिक परीक्षा सम्बन्धित संस्थाले नै लिनुपर्नेछ।
- प्रवेश परीक्षा तोकिए बमोजिम अथवा सम्बन्धित संस्थाले नै सञ्चालन गर्नुपर्नेछ।

**प्रशिक्षार्थीको मूल्याङ्कन तथा ग्रेड निर्धारण**

| क.सं. | उपलब्धि प्रतिशत | स्तरीकृत अङ्क | अक्षरमा उपलब्धिस्तर | उपलब्धिस्तरको व्याख्या |
|---|---|---|---|---|
| १. | ९० वा सोभन्दा माथि | ४.० | A+ | सर्वोत्तम (Outstanding) |
| २. | ८० वा सोभन्दा माथि र ९० भन्दा कम | ३.६ | A | अत्युत्तम (Excellent) |
| ३. | ७० वा सोभन्दा माथि र ८० भन्दा कम | ३.२ | B+ | उत्कृष्ट (Very Good) |
| ४. | ६० वा सोभन्दा माथि र ७० भन्दा कम | २.८ | B | उत्तम (Good) |
| ५. | ६० भन्दा कम | - | - | अवर्गीकृत (Not Graded) |

**प्रमाणपत्र प्रदान**

यो तालिम कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्ने प्रशिक्षार्थीहरूलाई सम्बन्धित तालिम प्रदायक संस्थाले प्रमाणपत्र प्रदान गर्नेछ।प्रशिक्षार्थीले पाठ्यक्रममा उल्लेख भए बमोजिम मोड्युल क्रम (Module Sequence) अनुसारका केही मोड्युलहरूमात्र सफलतापूर्वक सम्पन्न गरेमा पनि प्रशिक्षार्थीले दिएको निवेदनको आधारमा उक्त मोड्युलहरू उल्लेख गरी प्रमाणपत्र प्रदान गर्न सकिनेछ।

**सीप परीक्षणको व्यवस्था**

यो तालिम सफलतापूर्वक सम्पन्न गरी प्रमाणपत्र प्राप्त गरेका प्रशिक्षार्थीहरूले राष्ट्रिय सीप परीक्षण समितिद्वारा निर्धारण गरिएका मापदण्ड बमोजिम सीप परीक्षण परीक्षामा सहभागी हुन सक्नेछन्।

**प्रशिक्षण सम्बन्धी सुझाव**

१. प्रशिक्षण पूर्व पाठ्यक्रम पूर्णरूपमा अध्ययन गरी पाठयोजना तयार गर्ने, गराउने।
२. प्रश्नोत्तर सत्र (Question-Answer Session) को व्यवस्था गर्ने।
३. ८० प्रतिशत समय प्रयोगात्मक अभ्यासको लागि छुट्याउने।
४. पाठ्यक्रमको बारेमा प्रशिक्षार्थीहरूलाई जानकारी गराउने।
५. प्रशिक्षार्थी स्पष्ट नहुन्जेलसम्म प्रशिक्षकले सैद्धान्तिक विषयवस्तुलाई प्रभावकारी ढङ्गबाट प्रशिक्षण गर्ने र सीप प्रदर्शन गर्ने।
६. . प्रशिक्षार्थीलाई सीप अभ्यास गर्नुपूर्व व्यक्तिगत स्वास्थ्य तथा सुरक्षा, औजार, उपकरण प्रयोग तथा सुरक्षा अनिवार्य र सुनिश्चित गर्ने, गराउने।
७. एकल अभ्यासपूर्व पर्याप्त निर्देशित अभ्यास (Guided Practice) गर्ने, गराउने।
८. प्रशिक्षार्थीहरूलाई अन्तर्क्रिया गर्न प्रोत्साहित गर्ने।
९. प्रशिक्षार्थी केन्द्रित सिकाइ पद्धति अवलम्बन गर्ने।
१०. प्रशिक्षार्थीहरूलाई पर्याप्त सिकाइ सामग्रीहरू उपलब्ध गराउने।
११. प्रशिक्षण तथा अभ्यासको क्रममा हरसमय प्रशिक्षक उपलब्ध हुने।

१२. प्रशिक्षार्थीहरूलाइ नियमित उपस्थितिको लागि प्रोत्साहन गर्ने र उनीहरूको हाजिरी अभिलेख राख्ने।
१३. अभ्यासको क्रममा आवश्यकता अनुसार पृष्ठपोषण दिने।
१४. प्रशिक्षार्थीले स्वतन्त्र ढङ्गबाट सीप सम्पादन गर्न सक्ने सुनिश्चित गर्ने, गराउने।
१५. प्रशिक्षार्थीले सीप सिकाइको क्रममा उत्पादन गरेको वस्तु भए त्यसको मूल्याङ्कन गर्ने, गराउने।
१६. तालिममा हरित सीप (Green Skills) र प्रशिक्षार्थीहरूको रोजगार सीपहरू (Communication Skills, Thinking Skills, Interpersonal Skills, Technology and Information Technology Skills, Planning and Resource Management Skills and Personal Qualities) तथा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको समेत विकास र कार्यान्वयन हुने गरी कार्य गर्ने, गराउने।

**पाठ्यक्रम कार्यान्वयनको लागि सुझाव**

- सम्बन्धित तालिम प्रदायक संस्था र तालिम कार्यक्रमको गुणस्तर सुनिश्चित गर्ने आधिकारिक निकायबाट नियमित अनुगमन गर्ने र पाठ्यक्रम कार्यान्वयन भएको सुनिश्चित गर्ने
- सम्बन्धित तालिम प्रदायक संस्थाले रोजगारदाता तथा अन्य सरोकारवालाहरूसँग समन्वय तथा सहकार्य गरी प्रशिक्षार्थीहरूको रोजगार तथा स्व-रोजगारको लागि सहजीकरण गर्ने
- प्रशिक्षार्थीहरूलाई रोजगार तथा स्व-रोजगार सम्बन्धी परामर्श प्रदान गर्ने, गराउने
- प्रशिक्षार्थीहरूको आवश्यक व्यक्तिगत विवरण, रोजगार/स्वरोजगारको अवस्था आदिको अभिलेख राख्ने र नियमित अद्यावधिक गर्ने
- पाठ्यक्रम कार्यान्वयन गर्दा तोकिए बमोजिमको कार्यसम्पादन क्षमतामा नकारात्मक असर नपर्ने गरी आवश्यकता अनुसार पाठ्यक्रममा सुधार गर्ने र आवश्यकता अनुसार थप सीप प्रदान गर्ने
- सरोकारवालाहरूले पाठ्यक्रम सुधारको लागि सम्बन्धित निकाय (पाठ्यक्रम विकास तथा समकक्षता निर्धारण महाशाखा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्) मा औपचारीक रूपमा पृष्ठपोषण प्रदान गर्ने

## दक्षताको सूची

यो पाठ्यक्रम अनुसार तालिम प्राप्त प्रशिक्षार्थीहरूले तालिमको अन्तमा निम्न दक्षता हासिल गर्नेछन् ।

| | दक्षता | समय | | |
|---|---|---|---|---|
| **खण्ड क** | | **सैद्धान्तिक** | **प्रयोगात्मक** | **जम्मा** |
| **मोड्युल १** | **पेशागत परिचय** | २७ | | २७ |
| **मोड्युल २** | **पेशागत सुरक्षा र स्वास्थ्य (Occupatonal Safety and Health)** | ४ | १२ | १६ |
| **मोड्युल ३** | **उद्यमशीलता विकास (Entrepreneurship Development)** | ३ | ११ | १४ |
| **मोड्युल ४** | **स्वास्य र कल्याण (Health and Wellness)** | ३ | १२ | १५ |
| मोड्युल ४.१ | शारीरिक अवस्थाको निगरानी (Physical Condition Monitoring) गर्ने | १ | ४ | ५ |
| मोड्युल ४.२ | दैनिक आहार तालिका बनाउने | १ | ४ | ५ |
| मोड्युल ४.३ | औषधि प्रवाह (Medication Administration) गर्ने | १ | ४ | ५ |
| **मोड्युल ५** | **सामाजिक सीप विकास र संवेग नियन्त्रण** | ११ | ३९ | ५० |
| मोड्युल ५.१ | अभिवादन गर्ने (Greetings) | १ | २ | ३ |
| मोड्युल ५.२ | सम्बन्ध विस्तार (Relationship Development) गर्ने | २ | ३ | ५ |
| मोड्युल ५.३ | द्वन्द्व व्यवस्थापन (Conflict resolution) गर्ने | २ | ६ | ८ |
| मोड्युल ५.४ | सामाजिक आचरण (Social Conduct - Social Rules and Functioning) पालना गर्ने | २ | ३ | ५ |

| | | | | |
|---|---|---|---|---|
| मोड्युल ५.५ | संवेग पहिचान गर्ने (Identify and name the Emotion) | १ | ४ | ५ |
| मोड्युल ५.६ | ट्रिगरहरू पहिचान गर्ने (Identify the Triggers) | १ | ६ | ७ |
| मोड्युल ५.७ | संवेग व्यक्त गर्न मद्दत गर्ने (Help to Express the Emotion) | १ | ५ | ६ |
| मोड्युल ५.८ | कठिन संवेगहरू व्यवस्थापन गर्ने (Manage the Difficult Emotion) | ३ | ८ | ११ |
| **मोड्युल ६** | **संचारका सीपको विकास (Communication Skills and Supports)** | **८** | **२२** | **३०** |
| मोड्युल ६.१ | भाषाको बुझाइ **(Receptive Language Skill)** | १ | ३ | ४ |
| मोड्युल ६.२ | पोइन्टिङ स्किल **(Pointing Skill)** | १ | ३ | ४ |
| मोड्युल ६.३ | सयुक्त ध्यान दिने **(Joint Attention)** | १ | ३ | ४ |
| मोड्युल ६.४ | छनौट गर्ने क्षमता विकास गर्ने **(Choice Making)** | १ | ३ | ४ |
| मोड्युल ६.५ | अनुरोध गर्ने (Requesting) | १ | ३ | ४ |
| मोड्युल ६.६ | आलोपालो गर्ने क्षमताको विकास गर्ने (Turn Taking) | १ | ३ | ४ |
| मोड्युल ६.७ | एएसी प्रयोग गर्ने (AAC Usage) | २ | ४ | ६ |
| **मोड्युल ७** | **व्यवहार व्यवस्थापन (Behavioral Management)** | **४** | **१४** | **१८** |
| मोड्युल ७.१ | बालबालिकाहरूले गरेका वा देखाएका व्यवहारहरूको सूची बनाउने र वर्गीकरण वा छनौट गर्ने | १ | ४ | ५ |
| मोड्युल ७.२ | अपेक्षित व्यवहारलाई सुदृढीकरण गर्ने वा हौसला दिने | १ | ४ | ५ |
| मोड्युल ७.३ | चुनौतीपूर्ण व्यवहारलाई व्यवस्थापन गर्ने | २ | ६ | ८ |
| **मोड्युल ८** | **व्यक्तिगत हेरचाह तथा सरसफाइ र खेल कौशल** | **१३** | **५७** | **७०** |
| मोड्युल ८.१ | खान खाने | १ | ४ | ५ |
| मोड्युल ८.२ | लुगा लगाउने तथा फुकाल्ने | १ | ५ | ५ |
| मोड्युल ८.३ | शौचालय जाने | १ | ४ | ५ |
| मोड्युल ८.४ | दाँत माझ्ने | १ | ४ | ५ |
| मोड्युल ८.५ | मुख धुने | १ | ३ | ४ |
| मोड्युल ८.६ | कपाल मिलाउने | १ | ३ | ४ |
| मोड्युल ८.७ | नङ काट्ने | १ | ५ | ५ |
| मोड्युल ८.८ | औषधि खाने | १ | ४ | ५ |
| मोड्युल ८.९ | जनावरको हेरविचार गर्ने | १ | ४ | ५ |
| मोड्युल ८.१० | बाहिर घुमफिर गर्ने | १ | ६ | ७ |
| मोड्युल ८.११ | खेलको अवलोकन गर्ने | १ | ६ | ७ |
| मोड्युल ८.१२ | बालबालिकाले गरेको क्रियाकलापलाई कपी गर्ने | १ | ४ | ५ |
| मोड्युल ८.१३ | थेराप्युटिक निर्देशन अनुसार बालबालिकासँग खेल्ने | १ | ५ | ६ |
| **मोड्युल ९** | **परियोजना कार्य (Project Work)** | - | १५० | १५० |
| | **जम्मा** | **७५** | **३१५** | **३९०** |

**मोड्युल क्रम**

प्रस्तुत मोड्युल क्रमले पाठ्यक्रममा मोड्युल १ बाट शुरू हुने ८ मोड्युलहरू छन् भनी संकेत गर्छ। मोड्युल १ पूरा भएपछि प्रशिक्षार्थीहरू क्रमबद्धरूपमा मोड्युल ४, ५, ६, ७ र ८ मा जान सक्नेछन्। मोड्युल २ र मोड्युल ३ लाई मोड्युल १ पश्चात  समानान्तर रूपमा आवश्यकता अनुसार लागू गर्न सकिनेछ। परियोजना मोड्युल ४, ५, ६, ७ र ८ सँगै समानान्तर गर्न गराउन सकिनेछ। प्रशिक्षार्थीहरूले निर्धारित मोड्युलहरू एउटै तालिम कार्यक्रमको अवधिमा अथवा तालिम कार्यक्रमको उपलब्धता, प्रशिक्षार्थीको आफ्नो आवश्यकता र सहजता अनुरूप फरक-फरक समयमा सञ्चालन हुने तालिम कार्यक्रममा समेत सहभागी भै प्रशिक्षित हुन सक्नेछन्।



## पाठ्यक्रम संरचना

| पेशा (Occupation): **अटिजम केयरगिभर** (Autism Caregiver)<br>**समय** (Duration): **सैद्धान्तिक ७३ घण्टा र व्यावहारिक ३१७ घण्टा = ३९० घण्टा** | | | | | |
|---|---|---|---|---|---|
| **मोड्युल** | **शीर्षक** | **स्वभाव** | **सैद्धान्तिक (सै.)** | **व्यावहारिक (व्या.)** | **जम्मा** |
| मोड्युल १ | पेशागत परिचय (Introduction) | सै. | २७ | - | २७ |
| मोड्युल २ | पेशागत सुरक्षा र स्वास्थ्य (Occupatonal Safety and Health) | सै. + व्या. | ४ | १२ | १६ |
| मोड्युल ३ | उद्यमशीलता विकास (Entrepreneurship Development) | सै. + व्या. | ३ | ११ | १४ |
| मोड्युल ४ | स्वास्थ्य र कल्याण (Health and Wellness) | सै. + व्या. | ३ | १२ | १५ |
| मोड्युल ५ | सामाजिक सीप विकास र संवेग नियन्त्रण | सै. + व्या. | १३ | ३७ | ५० |
| मोड्युल ६ | सञ्चारका सीपको विकास (Communication Skills and Supports) | सै. + व्या. | ८ | २२ | ३० |
| मोड्युल ७ | व्यवहार व्यवस्थापन (Behavioral Management) | सै. + व्या. | ४ | १४ | १८ |
| मोड्युल ८ | व्यक्तिगत हेरचाह तथा सरसफाइ र खेल कौशल | सै. + व्या. | १३ | ५७ | ७० |
| मोड्युल ९ | परियोजना कार्य (Project Work) | व्या. | | १५० | १५० |
| | | | ७५ | ३१५ | ३९० |

सै. = सैद्धान्तिक / व्या. = व्यावहारिक

# मोड्युल १
# पेशागत परिचय
# Occupational Introduction

**मोड्युल १: पेशागत परिचय (Occupational Introduction)**

| |
|---|
| **विवरण (Description):** यस मोड्युलमा पेशाको विषयमा गर्नुपर्ने कार्यहरूको संक्षिप्त जानकारी, पेशाको मर्यादा, पेशामा रहेर "गर्न हुने" र "गर्न नहुने" कार्यहरू र प्रयोग हुने आवश्यक औजार, उपकरण तथा सामग्री सम्बन्धी आधारभूत विषयवस्तु समावेश गरिएका छन्। |
| **मोड्युल परिणाम (Module Outcome):** यस मोड्युल पूरा भएपछि प्रशिक्षार्थीहरू पेशाको विषयमा गर्नुपर्ने कार्यहरू, पेशाको मर्यादा, पेशामा रहेर "गर्न हुने" र "गर्न नहुने" कार्यहरू र प्रयोग हुने औजार, उपकरण तथा सामग्रीहरूको बारेमा जानकार हुनेछन्। |
| **विषयवस्तु**<br>१. पेशाको परिचय, उद्देश्य, भूमिका, कर्तव्य, कार्यक्षेत्र, महत्व र सम्भावनाबारे जानकारी।<br>२. पेशाको मर्यादा, पेशामा रहेर "गर्न हुने" र "गर्न नहुने" कार्यहरूको बारेमा जानकारी।<br>३. पेशामा रहेर स्याहारकर्ता/ हेरचाहकर्ताले गर्नुपर्ने आचरणको बारेमा जानकारी।<br>४. सञ्चार तथा समन्वयको आवश्यकताका बारेमा जानकारी।<br>५. पेशामा प्रयोग हुने सम्मानजनक सञ्चारको बारेमा जानकारी।<br>६. पेशा अन्तर्गत गरिने कार्यहरूको बारेमा संक्षिप्त जानकारी।<br>७. पेशामा प्रयोग हुने औजार, उपकरण तथा सामग्रीहरूको परिचय तथा पहिचान।<br>८. अटिजम<br>• परिचय<br>• चरणहरू (Mild, Moderate र Severe)<br>• महत्व<br>➢ प्रारम्भिक पहिचान ( Early Identification), निदान (Diagnosis), व्यवस्थापन (Management)<br>• अटिजम सम्बन्धी भ्रम र तथ्यह<br>• अटिजममा हुने मुख्य कठिनाइहरू<br>➢ सामाजिक कठिनाइहरू<br>➢ सञ्चारका कठिनाइहरू<br>➢ व्यावहारिक कठिनाइहरू (Behavioral Issues)<br>➢ संवेदनशीलताका कठिनाइहरू (Sensory Issues)<br>९. स्वयं सहायता कौशल (Self help skills)<br>१०. संवेगात्मक नियम (Emotional Rules)<br>११. संवेदनशीलताका आवास र नियन्त्रण ( Sensory accommodation & Regulation)<br>१२. सुरक्षा मुद्दा<br>१३. व्यक्तिगत स्वच्छता<br>१४. विशेष शिक्षा<br>१५. अभिभावक / समुदाय सहकार्य (Community Collaboration)<br>१६. सम्बन्ध विस्तार (Rapport Building)<br>१७. सामाजिक नक्शाङ्कन (Social Mapping)<br>१८. सरोकारवालासँग समन्वय (Linkage with Stakeholders)<br>१९. सीमा र चुनौती (Limitations and Boundaries)<br>२०. मानसिक थकान (Burnout) पहिचान |

| |
|---|
| २१.स्व-हेरचाह योजना (Self-Care Plan)<br>२२.स्व-हेरचाह गतिविधिहरूलाई दिनचर्यामा समावेश (Implementation of Self Care into Daily Routine)<br>२३.अपाङ्गता परिचयपत्र (Disability Card) |
| **समय (Duration):** सैद्धान्तिक २७ घण्टा + व्यावहारिक ० घण्टा = २७ घण्टा |

# मोड्युल २

# पेशागत सुरक्षा र स्वास्थ्य

# Occupational Safety and Health

## मोड्युल २: पेशागत सुरक्षा र स्वास्थ्य (Occupational Safety and Health)

| |
|---|
| **विवरण (Description):** यस मोड्युलमा पेशागत सुरक्षा र स्वास्थ्य सम्बन्धी आवश्यक ज्ञान र सीपहरू समावेश गरिएका छन्। |
| **मोड्युल परिणाम (Module Outcomes):** यो मोड्युल पूरा भएपछि प्रशिक्षार्थीहरूले व्यक्तिगत सुरक्षाको खतराका कारणहरू व्याख्या गर्न, व्यक्तिगत साथै औजार, उपकरण, सामग्री, कार्यस्थल र वातावरणको सुरक्षा सुनिश्चित गर्न र कार्यस्थलमा आधारभूत प्राथमिक स्वास्थ्य सेवा प्रदान गर्न सक्षम हुनेछन्। |
| **कार्यहरू:**<br>१. व्यक्तिगत सरसफाइ कायम गर्ने (Maintain Personal Hygiene)<br>२. व्यक्तिगत सुरक्षाका उपकरण प्रयोग गर्ने (Use Personal Protective Equipment, PPE)<br>३. कार्यस्थलको सुरक्षा सुनिश्चित गर्ने (Ensure Workplace Safety)<br>४. औजार र उपकरणको सुरक्षा सुनिश्चित गर्ने (Ensure Tools and Equipment Safety)<br>५. आगलागी हुनबाट सुरक्षा गर्ने (Protect from Fire Hazard)<br>६. प्राथमिक उपचार गर्ने (Provide Basic First-aid Service)<br>७. कार्यस्थलको फोहोर व्यवस्थापन गर्ने (Manage Workplace Garbage) |
| **समय (Duration):** सैद्धान्तिक ४ घण्टा + व्यावहारिक १२ घण्टा = १६ घण्टा |
| **Module: पेशागत सुरक्षा र स्वास्थ्य (Occupational Safety and Health)**<br>**Task:**२.१ व्यक्तिगत सरसफाइ कायम गर्ने (Maintain Personal Hygiene) |
| **समय (Duration):** सैद्धान्तिक ०.५ घण्टा + व्यावहारिक १.५ घण्टा = २.० घण्टा |

| **कार्य चरणहरू (Steps)** | **अन्तिम कार्यसम्पादन उद्देश्य (Terminal Performnce Objective)** | **सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge)** |
|---|---|---|
| १. आवश्यक जानकारी लिने।<br>२. व्यक्तिगत सरसफाइ कायम गर्नः<br>• नियमित स्नान गर्ने।<br>• नियमित मुख धुने र अनुहार सफा राख्ने।<br>• नियमित साबुन पानी वा स्यानिटाइजरले हात सफा गर्ने।<br>• नियमित नङ काट्ने र सफा गर्ने।<br>• आवश्यकता अनुसार कपाल काट्ने, कोर्ने र मिलाउने।<br>• तोकिए बमोजिम सफा कपडा लगाउने।<br>• कामको प्रकृति अनुरूप मिल्ने भए मात्र गरगहना, सजावट तथा सुगन्धित सामग्रीहरू प्रयोग गर्ने।<br>• कार्यसम्पादनको अभिलेख राख्ने। | **अवस्था (Condition):**<br>• व्यक्तिगत सरसफाइ सम्बन्धी मापदण्ड<br>**निर्दिष्ट कार्य (Task):**<br>व्यक्तिगत सरसफाइ कायम गर्ने।<br>**मानक (Standard):**<br>• पेशाका लागि निर्धारित व्यक्तिगत सरसफाइका मापदण्ड अपनाएको।<br>• सुरक्षा तथा सावधानीका उपायहरू अपनाएको। | **व्यक्तिगत सरसफाइः**<br>• परिचय र आवश्यकता<br>• मापदण्ड<br>• सरसफाइ गर्न प्रयोग हुने सामग्रीहरूको पहिचान र प्रयोग सम्बन्धी जानकारी<br>• ग्रुमिङ (Grooming) सम्बन्धी जानकारी |

**औजार, उपकरण र सामग्रीहरू (Tools, Equipment and Materials):**

व्यक्तिगत सरसफाइ सम्बन्धी मापदण्ड र मापदण्ड बमोजिमका औजार, उपकरण र सामग्रीहरू

**सुरक्षा सावधानी (Safety Precautions):**

- नङ टोक्ने, नाक कोट्याउने, कान कोट्याउने, जथाभावी कन्याउने जस्ता कार्य नगर्ने।

| **Module: पेशागत सुरक्षा र स्वास्थ्य (Occupational Safety and Health)**<br>**Task:** २.२ व्यक्तिगत सुरक्षाका उपकरण प्रयोग गर्ने (Use Personal Protective Equipment, PPE) | | |
|---|---|---|
| **समय (Duration):** सैद्धान्तिक ०.५ घण्टा + व्यावहारिक १.५ घण्टा = २.० घण्टा | | |
| **कार्य चरणहरू (Steps)** | **अन्तिम कार्यसम्पादनको उद्देश्य (Terminal Performnce Objective)** | **सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge)** |
| १. आवश्यक जानकारी लिने।<br>२. व्यक्तिगत सरसफाइ गर्ने।<br>३. काम गर्दा तोकिएको पोशाक लगाउने<br>४. यस पेशाको लागि निर्धारण गरिएको व्यक्तिगत सुरक्षा उपकरण संकलन गर्ने।<br>५. कामको प्रकृति अनुसार निम्न तथा यस पाठ्यक्रमको व्यक्तिगत सुरक्षा उपकरण सूचीमा उल्लेख गरिएका व्यक्तिगत सुरक्षाका उपकरणहरू प्रयोग गर्ने।<br>क. नेत्र रक्षक उपकरण (Eye protectors)<br>ख. श्रवण रक्षक उपकरण (Hearing protectors)<br>ग. स्वास यन्त्र (Respiratory protector)<br>घ. खुट्टा रक्षक उपकरण (Boots, Shoes)<br>ङ. हात रक्षक उपकरण (Gloves)<br>च. टाउको रक्षक उपकरण (Helmet)<br>छ. शरिर रक्षक कपडा (Clothing)<br>६. कामको प्रकृति अनुसार कपाल नअल्झिने गरी व्यवस्थित गर्ने।<br>७. कार्य समाप्त भए पछि प्रयोग गरिएका व्यक्तिगत सुरक्षाका उपकरण तथा सामग्रीहरू सफा गरी निर्धारित स्थानमा भण्डारण गर्ने।<br>८. कार्यसम्पादनको अभिलेख राख्ने। | **अवस्था (Condition):**<br>• कार्यस्थल<br>• सम्बन्धित पेशाको लागि निर्धारित व्यक्तिगत सुरक्षाका उपकरणको सूची र मापदण्ड<br>**निर्दिष्ट कार्य (Task):**<br>व्यक्तिगत सुरक्षाका उपकरण प्रयोग गर्ने।<br>**मानक (Standard):**<br>• कार्य चरणहरू क्रमिक रूपमा सम्पादन भएको।<br>• व्यक्तिगत सुरक्षाका उपकरणहरू निर्धारित सूची र मापदण्ड बमोजिम प्रयोग गरिएको।<br>• सुरक्षा तथा सावधानीका उपायहरू अपनाएको।<br>• कार्यसम्पादन अभिलेख राखिएको। | **व्यक्तिगत सुरक्षा सम्बन्धी उपकरण (PPE):**<br>• परिचय, प्रकार, पहिचान र मापदण्ड बमोजिम प्रयोग<br>• दुर्घटनाका कारणहरू<br>• सुरक्षा र सावधानीहरू<br>• उपकरणको सरसफाइ विधि<br>• उपकरणको भण्डारण विधि |

**औजार, उपकरण र सामग्रीहरू (Tools, Equipment and Materials):**

निर्धारित व्यक्तिगत सुरक्षा उपकरणको सूची र मापदण्ड, सूची बमोजिम व्यक्तिगत सुरक्षाका उपकरण

**सुरक्षा सावधानी (Safety Precautions):**

- काम गर्दा असुरक्षाका कारकहरू जस्तै कस्सिएको वा ज्यादै खुकुलो कपडा नलगाउने।
- कामबाट ध्यान हटाउने कारकहरू जस्तै मोबाइल फोनको प्रयोग नगर्ने।

| Module: पेशागत सुरक्षा र स्वास्थ्य (Occupational Safety and Health)<br>Task: २.३ कार्यस्थलको सुरक्षा सुनिश्चित गर्ने (Ensure Workplace Safety) | | |
|---|---|---|
| **समय (Duration):** सैद्धान्तिक ०.५ घण्टा + व्यावहारिक १.५ घण्टा = २.० घण्टा | | |
| **कार्य चरणहरू (Steps)** | **अन्तिम कार्यसम्पादनको उद्देश्य (Terminal Performance Objective)** | **सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge)** |
| १. आवश्यक जानकारी लिने।<br>२. आवश्यक औजार, उपकरण र सामग्रीहरू संकलन गर्ने।<br>३. व्यक्तिगत सरसफाइ कायम राख्ने।<br>४. कार्यस्थल सुरक्षाको सुनिश्चितताको लागिः<br>• कार्यस्थल सफा राख्ने (Neat & tidy)<br>• कार्यस्थलको भुँइ नचिप्लिने र चिल्लो रहित (Non Silpery & Non-Oilly) भएको सुनिश्चित गर्ने।<br>• कार्यस्थलमा प्रयोग गरिने औजारहरू व्यवस्थित ढंगले राख्ने।<br>• उपकरणहरूलाई आवश्यकता अनुसार सुरक्षा घेरा भित्र राख्ने।<br>• सुरक्षा सम्बन्धी संकेत तथा सुरक्षा चिन्हहरू सबैले देख्ने र स्पष्ट बुझ्ने गरी राख्ने।<br>• प्रकाश र भेन्टिलेसनको पर्याप्त व्यवस्था भएको सुनिश्चित गर्ने।<br>• कार्यस्थलमा भएको दुर्घटना र सुरक्षा सम्बन्धी घटनाहरू सम्बन्धित निकायमा रिपोर्ट गर्ने।<br>५. प्रयोग गरिएका औजार तथा उपकरण सफा गरी निर्धारित स्थानमा भण्डारण गर्ने।<br>६. कार्यसम्पादनको अभिलेख राख्ने। | **अवस्था (Condition):**<br>• कार्यस्थल<br>• कार्यस्थल सुरक्षा मापदण्ड<br>**निर्दिष्ट कार्य (Task):**<br>कार्यस्थलको सुरक्षा सुनिश्चित गर्ने।<br>**मानक (Standard):**<br>• कार्यस्थल सुरक्षाका मापदण्ड पालना गरिएको।<br>• सुरक्षा तथा सावधानीका उपायहरू अपनाइएको।<br>• कार्यसम्पादन अभिलेख राखिएको। | **कार्यस्थलको सुरक्षा सुनिश्चितताः**<br>• कार्यस्थल सुरक्षा मापदण्ड<br>• कार्यस्थल सफा राख्ने विधि<br>• औजार र सामग्रीहरूको भण्डारण प्रकृया<br>• सुरक्षा घेराको परिभाषा र प्रयोग तथा महत्व<br>• सुरक्षा सम्बन्धी संकेत तथा जानकारी<br>• कार्यसम्पादनमा प्रकाश र भेन्टिलेशनको महत्व<br>• दुर्घटना सम्बन्धी सामान्य कानुनी जानकारी |

**औजार, उपकरण र सामग्रीहरू (Tools, Equipment and Materials):**
कार्यस्थलमा सुरक्षाका सामग्रीहरू

**सुरक्षा सावधानी (Safety Precautions):**

| Module: पेशागत सुरक्षा र स्वास्थ्य (Occupational Safety and Health)<br>Task: २.४ औजार र उपकरणको सुरक्षा सुनिश्चित गर्ने (Ensure Tools and Equipment Safety) | | |
|---|---|---|
| **समय (Duration):** सैद्धान्तिक ०.५ घण्टा + व्यावहारिक १.५ घण्टा = २.० घण्टा | | |
| **कार्य चरणहरू (Steps)** | **अन्तिम कार्यसम्पादनको उद्देश्य (Terminal Performance Objective)** | **सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge)** |
| १. आवश्यक जानकारी लिने।<br>२. आवश्यक औजार, उपकरण र सामग्रीहरू संकलन गर्ने।<br>३. व्यक्तिगत सरसफाइ कायम राख्ने।<br>४. औजार तथा उपकरणहरू नियमित मर्मत-संभार गरिएको सुनिश्चित गर्ने।<br>५. औजार र उपकरण सुरक्षाको सुनिश्चितताका लागिः<br>• औजार तथा उपकरणहरू नियमित मर्मत-संभार गरिएको सुनिश्चित गर्ने।<br>• चालु अवस्थामा रहेको औजार मात्र प्रयोग गर्ने।<br>• चालु अवस्थामा रहेको र पाटपुर्जाहरू ठिक भएका उपकरणहरू मात्र प्रयोग गर्ने।<br>• निर्दिष्ट कार्यको लागि उपयुक्त औजारको मात्र प्रयोग गर्ने।<br>• उपकरणहरूलाई आवश्यकता अनुसार सुरक्षा घेरा भित्र राख्ने।<br>६. प्रयोग गरिएका औजार, उपकरण तथा सामग्रीहरू सफा गरी निर्धारित स्थानमा भण्डारण गर्ने।<br>७. कार्यसम्पादनको अभिलेख राख्ने। | **अवस्था (Condition):**<br>• कार्यस्थल<br>• औजार तथा उपकरण सुरक्षा मापदण्ड<br>**निर्दिष्ट कार्य (Task):**<br>औजार उपकरणको सुरक्षा सुनिश्चित गर्ने।<br>**मानक (Standard):**<br>• औजार तथा उपकरण सुरक्षा मापदण्ड प्रयोग गरिएको।<br>• औजार तथा उपकरणहरू नियमित मर्मत-संभार सुनिश्चित गरिएको।<br>• औजार तथा उपकरणहरू प्रयोग गर्दा सुरक्षा तथा सावधानीका उपायहरू अपनाएको।<br>• कार्यसम्पादन अभिलेख राखिएको। | **औजार उपकरण सम्बन्धी कार्यः**<br>• औजार उपकरणहरूको सुरक्षा मापदण्ड<br>• औजार तथा उपकरणहरू मर्मत-संभार<br>• औजार र सामग्रीहरूको भण्डारण |

**औजार, उपकरण र सामग्रीहरू (Tools, Equipment and Materials):**
औजार तथा उपकरण सुरक्षा मापदण्ड, व्यक्तिगत सुरक्षा उपकरण (Personal Protective Equipment), पेशागत कार्यको लागि आवश्यक पर्ने औजार तथा उपकरणहरू

**सुरक्षा सावधानी (Safety Precautions):**
- औजार उपकरणहरू प्रयोग गर्दा चोटपटकबाट जोगिन सतर्क रहने।
- व्यक्तिगत सुरक्षाका उपकरण (PPE) प्रयोग अनिवार्य गर्ने।

| Module: पेशागत सुरक्षा र स्वास्थ्य (Occupational Safety and Health)<br>Task: २.५ आगलागी हुनबाट सुरक्षा गर्ने। (Provide Fire Safety) | | |
|---|---|---|
| **समय (Duration):** सैद्धान्तिक ०.५ घण्टा + व्यावहारिक १.५ घण्टा = २.० घण्टा | | |
| **कार्य चरणहरू (Steps)** | **अन्तिम कार्यसम्पादनको उद्देश्य (Terminal Performance Objective)** | **सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge)** |
| १. आवश्यक जानकारी लिने।<br>२. आवश्यक औजार उपकरण तथा सामग्रीहरू संकलन गर्ने।<br>३. आगलागी हुनबाट सुरक्षा गर्न:<br>• आगलागी सम्बन्धी सुरक्षा मापदण्ड अध्ययन गर्ने।<br>• अत्याधिक प्रज्वलनशील पदार्थहरूलाई मापदण्ड बमोजिम व्यवस्थापन गर्ने।<br>• फायर सेफ्टी उपकरणको व्यवस्था गर्ने।<br>• फायर सेफ्टी उपकरण प्रयोग गर्ने तरीका अध्ययन गरी अभ्यास गर्ने।<br>• स्वास्थ्यको लागि हानीकारक जैविक तथा रासायनिक पदार्थहरू चुहिन वा पोखिन बाट वच्ने व्यवस्थापन भएको सुनिश्चित गर्ने।<br>• विद्युतीय उपकरण तथा तारहरू ठिक अवस्थामा रहेको सुनिश्चित गर्ने।<br>• काम सम्पन्न भए पछि आगोजन्य उपकरणहरू वन्द गरिएको सुनिश्चित गर्ने।<br>४. प्रयोग गरिएका औजार, उपकरण तथा सामग्रीहरू सफा गरी निर्धारित स्थानमा भण्डारण गर्ने।<br>५. कार्यसम्पादन अभिलेख राख्ने। | **अवस्था (Condition):**<br>• आगलागी सम्बन्धी सुरक्षा मापदण्ड<br>• फायर सेफ्टी उपकरण सञ्चालन सम्बन्धी म्यानुअल।<br>• कार्यस्थल<br><br>**निर्दिष्ट कार्य (Task):**<br>आगलागी हुनबाट सुरक्षा गर्ने।<br><br>**मानक (Standard):**<br>• आगलागी सम्बन्धी सुरक्षा मापदण्ड बमोजिम व्यवस्था भएको।<br>• सुरक्षा तथा सावधानीका उपायहरू अपनाएको।<br>• कार्यसम्पादन अभिलेख राखिएको। | **आगलागीबाट हुने क्षति न्यूनीकरण:**<br>• फायर सेफ्टी उपकरणहरूको पहिचान र प्रयोग<br>• आगलागी सम्बन्धी सुरक्षा मापदण्ड र उपकरण सञ्चालन विधि<br>• कार्यस्थलमा प्रयोग हुने विभिन्न रसायनको परिचय, प्रकार र प्रयोग<br>• आगलागी हुनसक्ने कारणहरू<br>• आगलागी हुनबाट बच्ने उपायहरू<br>• आगलागीमा सुरक्षित हुन अपनाउनु पर्ने उपाय तथा सावधानीहरू |

**औजार, उपकरण र सामग्रीहरू (Tools, Equipment and Materials):**
फायर सेफ्टी उपकरणहरू, फायर सेफ्टी सञ्चालन गर्ने म्यानुअल

**सुरक्षा सावधानी** (Safety Precautions):

- व्यक्तिगत सुरक्षाका उपकरण प्रयोग गर्ने।
- प्रज्वलनशील पदार्थहरूलाई व्यवस्थित ढंगबाट भण्डारण गर्ने।
- विद्युतीय उपकरणहरू चलाउँदा आगलागी हुनसक्ने भएकोले सावधान हुने।

| **Module: पेशागत सुरक्षा र स्वास्थ्य (Occupational Safety and Health)**<br>**Task:** २.६ प्राथमिक उपचार गर्ने (Provide Basic First-aid Service) | | |
|---|---|---|
| **समय (Duration):** सैद्धान्तिक १.० घण्टा + व्यावहारिक २.५ घण्टा = ३.५ घण्टा | | |
| **कार्य चरणहरू (Steps)** | **अन्तिम कार्यसम्पादनको उद्देश्य (Terminal Performance Objective)** | **सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge)** |
| १. आवश्यक जानकारी लिने।<br>२. आवश्यक औजार, उपकरण तथा सामग्रीहरू संकलन गर्ने।<br>३. प्राथमिक उपचार गर्नु अघि सर्जिकल पन्जा, मास्क लगाउनुका साथै आवश्यक व्यक्तिगत सुरक्षाका उपकरणहरू प्रयोग गर्ने।<br>४. साबुन पानी अथवा स्यानिटाइजरले हात सफा गर्ने।<br>५. विद्युतीय वस्तुको जोखिम रहेको अवस्थामा कुचालक वस्तु जस्तै ओभानो कपडा वा काठको लठ्ठीले बिरामी/घाइतेलाई अलग गराउने।<br>६. बिरामी/घाइतेलाई सुरक्षित स्थानमा राखी आराम गराउने।<br>**काटेको/घाउचोट लागेकोमा प्राथमिक उपचार**<br>• रगत बगिरहेको भए काटेको/घाउचोट भएको भागलाई सफा रुमाल/कपडाको टुक्राले थिच्ने।<br>• रगत बगिरहेको भए काटेको/घाउचोट भएको भागलाई केही समय टाउको भन्दा माथि हुने गरी राख्ने।<br>• काटेको/घाउचोट भएको भागलाई केही समय टाउको भन्दा माथि लैजान नमिल्ने वा खुट्टामा काटेको भएमा काटेको भन्दा माथि कपडा वा रुमालले बाँध्ने।<br>• रगत बग्न रोकिएपछि घाउलाई मनतातो पानीले सफा गर्ने।<br>• संक्रमण हुनबाट बचाउन घाउलाई पट्टीले बाध्ने।<br>• यदि धेरै रगत बगेमा अस्पताल पठाउने।<br>**एलर्जीको प्राथमिक उपचार**<br>• एलर्जीको कारण पत्ता लगाउने।<br>• एलर्जी भएको भाग सुन्निएको भए मनतातो पानीले सेक्ने।<br>• धेरै एलर्जी भएमा अस्पताल पठाउने।<br>**फ्याक्चरको प्राथमिक उपचार** | **अवस्था (Condition):**<br>• प्राथमिक उपचार म्यानुअल/मापदण्ड<br>• कार्यस्थल<br>• सिमुलेटेड बिरामी<br>**निर्दिष्ट कार्य (Task):**<br>साधारण प्राथमिक उपचार गर्ने।<br>**मानक (Standard):**<br>• उपचार म्यानुअल/मापदण्ड बमोजिम भएको।<br>• सुरक्षा तथा सावधानीका उपायहरू अपनाएको।<br>• कार्यसम्पादन अभिलेख राखिएको। | **प्राथमिक उपचारः**<br>• परिचय, महत्व<br>• प्राथमिक उपचार बाकस (First Aid Kit) मा रहने सामानहरू<br>• प्राथमिक उपचार गर्ने विधि<br>  ○ काटेको/घाउचोट लागेको, रगत बगेको<br>  ○ एलर्जी भएको<br>  ○ फ्र्याक्चर (Fracture)<br>  ○ बेहोस भएको (कृत्रिम श्वास-प्रश्वास विधि)<br>• सुरक्षा र सावधानीहरू |

| कार्य चरणहरू (Steps) | अन्तिम कार्यसम्पादनको उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| • फ्र्याक्चर भएको भागलाई stabilize गरी सुरक्षित स्थानमा राख्ने।<br>• मर्किएको भाग सुन्निएको भए मनतातो पानीले सेक्ने।<br>• फ्र्याक्चर भएको भागमा काम्रो (splinter) बाध्ने।<br>• फ्र्याक्चर भएमा अस्पताल पठाउने।<br>**जनावर वा किराले टोकेकोको प्राथमिक उपचार**<br>• बिरामीलाई टोक्ने जनावर वा किराको पहिचान गर्ने।<br>• टोकेको स्थानमा मनतातो पानीले सफा गर्ने।<br>• पानीमा बस्ने जनावरले टोकेको भए घाउलाई तातोपानीमा डुबाएर १० देखि १५ मिनेट राख्ने।<br>• टोकेको भागमा पट्टी बाध्ने।<br>• बिरामीलाई अस्पताल पठाउने।<br>**बेहोस भएकालाई प्राथमिक उपचार**<br>• बिरामीको शरीरमा कस्सिएको कपडा भए फुकाल्ने, यदि जाडो ठाँउमा भएमा बाक्लो कपडाले ढाकी न्यानो पारेर राख्ने।<br>• खुल्ला हावा भएको ठाउँमा राख्ने।<br>• श्वास फेर्न गाह्रो भए टाउकोलाई खुट्टा भन्दा १०-१२ इन्च माथि उटाएर राख्ने।<br>• श्वास प्रश्वास भए नभएको जाँच गर्ने।<br>• धड्कन (pulse) भए नभएको जाँच गर्ने।<br>• आवश्यक परेमा कृत्रिम श्वास-प्रश्वास गराउने।<br>७. आवश्यक थप उपचारको लागि तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा लैजाने।<br>८. गम्भीर घटना भएमा घाइतेको विवरण र दुर्घटनाको कारण सम्बन्धित निकायमा रिपोर्ट गर्ने।<br>९. प्रयोग गरिएका औजार, उपकरण तथा सामग्रीहरू सफा गरी निर्धारित स्थानमा भण्डारण गर्ने।<br>१०.साबुन पानी वा स्यानिटाइजरले हात सफा गर्ने।<br>११.कार्यसम्पादनको अभिलेख राख्ने। | | |

**औजार, उपकरण र सामग्रीहरू (Tools, Equipment and Materials):**

- व्यक्तिगत सुरक्षाका उपकरण (Personal Protective Equipment), प्राथमिक उपचार बाकस (First Aid Kit)
- प्राथमिक उपचार म्यानुअल/मापदण्ड,

**सुरक्षा सावधानी (Safety Precautions):**

- घाइते वा बिरामीको वरिपरि भीड हुन नदिने;
- औषधिहरू जथाभावी प्रयोग नगर्ने, एलर्जी भएको भागमा नरगड्ने।
- नाक, कान घाँटीमा केही वस्तु परेमा/अड्केमा नतान्ने, नठेल्ने, कानमा किराहरू छिरेमा सफा तेल हाल्ने र तुरुन्तै स्वास्थ्य संस्थामा जाने। आँखामा केही वस्तु परेमा सफा पानीले आँखा सफा गर्ने। माड्ने काम नगर्ने। तुरुन्तै स्वास्थ्य संस्थामा जाने।

| Module: पेशागत सुरक्षा र स्वास्थ्य (Occupational Safety and Health)<br>Task: २.७ कार्यस्थलको फोहोरमैला व्यवस्थापन गर्ने (Manage Workplace Garbage) |
|---|
| **समय (Duration):** सैद्धान्तिक १.० घण्टा + व्यावहारिक २.५ घण्टा = ३.५ घण्टा |

| कार्य चरणहरू (Steps) | अन्तिम कार्यसम्पादनको उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १. आवश्यक जानकारी लिने।<br>२. आवश्यक औजार, उपकरण तथा सामग्रीहरू संकलन गर्ने।<br>३. आवश्यक व्यक्तिगत सुरक्षाका उपकरणहरू प्रयोग गर्ने।<br>४. कार्यस्थलबाट निस्कने फोहरमैलाको पहिचान गरी हानिकारक, रासायनिक, जैविक र अजैविक, फेरि प्रयोगमा ल्याउन (Recycle गर्न) सकिने, ठोस तथा तरल फोहरमैला छुट्याउने।<br>५. फेरि प्रयोगमा ल्याउन सकिने फोहोरमैलालाई फेरि प्रयोगमा ल्याउने अथवा सम्बन्धित ठाउँमा सुरक्षित ढुवानी गरी पठाउने।<br>६. प्रज्वलनशील तथा हानिकारक फोहोरमैलालाई सुरक्षित भण्डारण गरी स्रोतमै पृथकीकरण तथा प्रशोधन गरी सामान्य फोहोरमैला सरह भएपछि सुरक्षित तरिकाले नष्ट गर्ने अथवा सम्बन्धित ठाउँमा सुरक्षित ढुवानी गरी पठाउने।<br>७. स्वास्थ्य संस्थाजन्य फोहरमैला स्रोतमै पृथकीकरण गरी प्रशोधन तथा व्यवस्थापन गर्ने।<br>८. प्रयोग गरिएका औजार, उपकरण तथा सामग्रीहरू सफा तथा निर्मलीकरण गरी निर्धारित स्थानमा भण्डारण गर्ने।<br>९. साबुन पानी वा स्यानिटाइजरले हात सफा गर्ने।<br>१०.कार्यसम्पादनको अभिलेख राख्ने। | **अवस्था (Condition):**<br>• फोहोरमैला व्यवस्थापन मापदण्ड<br>• कार्यस्थल<br>**निर्दिष्ट कार्य (Task):**<br>कार्यस्थलको फोहरमैला व्यवस्थापन गर्ने<br><br>**मानक (Standard):**<br>• फोहोरमैला व्यवस्थापन मापदण्ड बमोजिम।<br>• सुरक्षा तथा सावधानीका उपायहरू अपनाएको। | **फोहरमैला व्यवस्थापन:**<br>• परिचय<br>• पहिचान, प्रकार र स्रोत<br>• हानिकारक, रासायनिक, जैविक, अजैविक र स्वास्थ्य संस्थाजन्य फोहोरमैला व्यवस्थापन विधि<br>• 3 Rs Principle<br>• फोहोरमैला व्यवस्थापन मापदण्ड र प्रचलित कानुन<br>• वातावरण प्रदुषण नियन्त्रण गर्ने उपायहरू<br>• सुरक्षा र सावधानीहरू |

**औजार, उपकरण र सामग्रीहरू (Tools, Equipment and Materials):**

व्यक्तिगत सुरक्षाका उपकरण (Personal Protective Equipment), handling tools, waste collection containers, safe area allocated to dispose, फोहोरमैला व्यवस्थापन मापदण्ड,

**सुरक्षा सावधानी (Safety Precautions):**

प्रज्वलनशील तथा हानिकारक फोहोरमैला वातावरणमा खुल्ला छोड्नु हुँदैन।

# मोडयुल ३

# उद्यमशीलता विकास

# Entrepreneurship Development

**मोड्युल३: उद्यमशीलता विकास** (Entrepreneurship Development)

| |
|---|
| **विवरण (Description):** यस मोड्युलमा पेशासँग सम्बन्धित उद्यम विकास सम्बन्धी ज्ञान र सीप समावेश गरिएको छ। |
| **मोड्युल परिणाम (Module Outcomes):** यस मोड्युल पूरा भएपछि प्रशिक्षार्थीहरूले व्यवसाय सञ्चालन गर्ने निर्णय लिन र व्यवसायिक योजान तयार गरी व्यवसाय सुरु गर्न सक्षम हुनेछन्। |
| **कार्यहरू:**<br>१. उद्योग व्यवसाय सञ्चालन गर्न निर्णय लिने (Make Decision for Establishment of Business Industry)<br>२. व्यावसायिक योजना तयार गर्ने (Prepare Business Plan) |
| **समय (Duration):** सैद्धान्तिक ३ घण्टा + व्यावहारिक १२ घण्टा = १५ घण्टा |

**Module:** उद्यमशीलता विकास (Entrepreneurship Development)
**Task:** ३.१.उद्योग व्यवसाय सञ्चालन गर्न निर्णय लिने (Make Decision for Establishment of Business Industry)
**समय (Duration):** सैद्धान्तिक १.० घण्टा + व्यावहारिक २.० घण्टा = ३.० घण्टा

| कार्य चरणहरू (Steps) | अन्तिम कार्यसम्पादन उद्देश्य (Terminal Performnce Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १. आवश्यक जानकारी लिने।<br>२. सम्भावित उद्योग व्यवसायको सूची तयार गर्ने।<br>३. उपयुक्त विकल्प छनोट गर्न तुलनात्मक अध्ययन गर्ने।<br>• स्व-मूल्याङ्कन गर्ने।<br>• व्यावसायिक विचारको मूल्याङ्कन गर्ने (SWOT Analysis)।<br>४. आफ्नो विज्ञता क्षेत्र भित्र पर्ने उपयुक्त उद्योग व्यवसाय छनोट गर्ने।<br>५. प्रतिवेदन तयार गर्ने।<br>६. कार्यसम्पादनको अभिलेख राख्ने। | **अवस्था (Condition):**<br>औद्योगिक व्यवसाय ऐन<br><br>**निर्दिष्ट कार्य (Task):**<br>उधोग व्यवसाय सञ्चालन गर्ने निर्णय लिने।<br><br>**मानक (Standard):**<br>• सम्भावित उद्योग व्यवसायको सूची तयार गरेको।<br>• उपयुक्त विकल्प छनोट गर्न स्व-मूल्याङ्कन र व्यावसायिक विचारको मूल्याङ्कन गरी तुलनात्मक अध्ययन गरेको।<br>• आफ्नो विज्ञता क्षेत्र भित्र पर्ने उद्योग व्यवसाय छनोट गरिएको। | **उद्योग व्यवसाय:**<br>• परिभाषा<br>• उद्योग व्यवसाय, स्वरोजगार र रोजगारी बीचको अन्तर<br>• सफल उद्यमीमा हुने गुणहरू<br>• नेपालमा सञ्चालित उद्योग व्यवसायहरू बारे संक्षिप्त जानकारी<br><br>**उद्योगको वर्गीकरण:**<br>• लघु उद्यम, घरेलु उद्योग, साना उद्योग, मझौला उद्योग र ठुला उद्योगबीचको अन्तर<br>• उर्जामूलक, उत्पादनमूलक, कृषि तथा वन पैदावारमा आधारित, खनिज, पूर्वाधार, पर्यटन, सूचना प्रविधि, संचार प्रविधि तथा सूचना प्रसारण प्रविधिमा आधारित<br>• उत्पादनमूलक उद्योग र सेवामूलक उद्योगबीचको अन्तर<br><br>**जोखिम र संसंवेग:**<br>• स्व-मूल्याङ्कन प्रकृया |

| | | |
|---|---|---|
| | | • व्यावसायिक विचारको मूल्याङ्कन (SWOT) र सम्भावित व्यवसायको छनोट प्रकृया<br>• जोखिम न्यूनीकरणका उपायहरू |

**औजार, उपकरण र सामग्रीहरू (Tools, Equipment and Materials):**

औद्योगिक व्यवसाय ऐन, स्वमूल्याङ्कन फाराम,  व्यावसायिक विचार मूल्याङ्कन फाराम, प्रतिवेदन फाराम

**सुरक्षा सावधानी (Safety Precautions):**

| Module: उद्यमशीलता विकास (Entrepreneurship Development)<br>Task: ३.२ व्यावसायिक योजना तयार गर्ने (Prepare a Business Plan) | | |
|---|---|---|
| **समय (Duration):** सैद्धान्तिक २.० घण्टा + व्यावहारिक ९.० घण्टा = ११.० घण्टा | | |
| **कार्य चरणहरू (Steps)** | **अन्तिम कार्यसम्पादन उद्देश्य (Terminal Performnce Objective)** | **सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge)** |
| १. आवश्यक जानकारी लिने।<br>२. उद्यमीको बारेमा संक्षिप्त उल्लेख गर्ने।<br>३. व्यावसायको ध्येय तथा उद्देश्य उल्लेख गर्ने।<br>४. बजारीकरण योजना बनाउने।<br>• वस्तु वा सेवा पहिचान गर्ने।<br>• व्यवसाय सञ्चालन हुने स्थान र वितरणको माध्यम निर्धारण गर्ने।<br>• लक्षित ग्राहक पहिचान गर्ने।<br>• प्रतिस्पर्धी विश्लेषण गर्ने।<br>• बजार हिस्सा आँकलन गर्ने।<br>• उत्पादन तथा विक्री लक्ष्य निर्धारण गर्ने।<br>• विक्री तरिका र प्रबर्द्धनका उपायहरू निर्धारण गर्ने।<br>५. उत्पादन योजना तयार गर्ने।<br>• उत्पादन प्रकृया र विधि निर्धारण गर्ने।<br>• आवश्यक स्थिर सम्पत्ति निर्धारण गर्ने।<br>• स्थिर सम्पत्तिमा ह्रासकट्टी निर्धारण गर्ने।<br>६. व्यवसायको संगठनात्मक र व्यवस्थापन योजना तयार गर्ने।<br>• व्यवसायको स्वमित्वको संरचना निर्धारण गर्ने।<br>• व्यवसायको आन्तरिक व्यवस्थापन संरचना निर्धारण गर्ने।<br>• व्यवसायको बाह्य व्यवस्थापन श्रोत पहिचान गर्ने।<br>• जनशक्तिको आवश्यकता पहिचान तथा निर्धारण गर्ने।<br>• व्यवसायको शीर्षभार खर्चहरू निर्धारण गर्ने।<br>• सञ्चालन योजना (Operation Plan) तयार गर्ने।<br>७. वित्तीय योजना तयार गर्ने।<br>• कुल आवश्यक पूँजी निर्धारण गर्ने।<br>• पूँजीको श्रोत व्यवस्थापन रणनीति उल्लेख गर्ने।<br>• वित्त जुटाउने रणनीति र ऋण प्राप्ति प्रकृया निर्धारण गर्ने।<br>• पारविन्दु विश्लेषण गर्ने। | **अवस्था (Condition):**<br>• नमूना व्यवसाय योजना दिइएको<br>**निर्दिष्ट कार्य (Task):**<br>व्यावसायिक योजना तयार गर्ने।<br>**मानक (Standard):**<br>• आफ्नो विज्ञता क्षेत्र भित्र पर्ने उद्योग व्यवसाय छनौट गरिएको।<br>• बजारीकरण योजना समावेश गरिएको।<br>• उत्पादन योजना समावेश गरिएको।<br>• व्यवसायको संगठनात्मक र व्यवस्थापन योजना समावेश गरिएको।<br>• वित्तीय योजना समावेश गरिएको।<br>• वित्त जुटाउने रणनीति समावेश गरिएको।<br>• पारविन्दु विश्लेषण गरिएको। | **व्यवसाय योजनाः**<br>• परिचय<br>• व्यावसायिक योजनामा समावेश गरिनुपर्ने विवरणहरू<br>• ध्येय, उद्देश्यको परिभाषा र लेखन प्रक्रिया<br>**बजार र बजारीकरणः**<br>• अवधारणा र महत्व<br>• लक्षित वर्गको परिभाषा र पहिचान प्रकृया<br>• प्रतिस्पर्धी पहिचान प्रकृया<br>▪ बजार हिस्सा आँकलन प्रकृया<br>▪ उत्पादन तथा विक्री लक्ष्य निर्धारण प्रकृया<br>▪ बजार रणनीति<br>**उत्पादन योजनाः**<br>• अवधारणा र आवश्यकता<br>• उत्पादन योजना निर्माण प्रकृया,<br>• स्थिर सम्पत्तिको ह्रास कट्टी प्रकृया<br>**संगठन र व्यवस्थापनः**<br>• अवधारणा र आवश्यकता<br>• शीर्षभार खर्च निर्धारण प्रकृया<br>• संगठनात्मक र व्यवस्थापन योजना निर्माण प्रकृया<br>**वित्तीय योजनाः** |

| | | |
|---|---|---|
| • उत्पादित वस्तु वा सेवाको मूल्य निर्धारण रणनीति उल्लेख गर्ने।<br>८. प्रतिवेदन तयार गर्ने।<br>९. कार्यसम्पादनको अभिलेख राख्ने। | | • अवधारणा र आवश्यकता<br>• वित्तीय योजना निर्माण प्रकृया<br>• वित्त जुटाउने रणनीति र ऋण प्राप्ति प्रकृया<br>• पारविन्दु विश्लेषण प्रकृया |

**औजार, उपकरण र सामग्रीहरू (Tools, Equipment and Materials):**
औद्योगिक व्यवसाय ऐन, व्यवसाय योजनाको नमूना

**सुरक्षा सावधानी (Safety Precautions):**

# मोड्युल ४
# स्वास्थ्य र कल्याण
# Health and Wellness

## मोड्युल ४: स्वास्थ्य र कल्याण (Health and Wellness)

| |
|---|
| विवरण(**Description):** यस मोड्युलमा अटिजम भएका बालबालिकाहरूको स्वास्थ्य र कल्याण सम्बन्धी ज्ञान र सीप समावेश गरिएको छ। |
| **मोड्युल परिणाम (Module Outcomes)**: यस मोड्युल पूरा भएपछि प्रशिक्षार्थीहरूले अटिजम भएका बालबालिकाहरूको दैनिक आहार तालिका, औषधि प्रवाह, र शारीरिक अवस्थाको निगरानी गर्नका लागि आवश्यक पर्ने ज्ञान र सीप हासिल गर्न सक्षम हुनेछन् । |
| कार्यहरू:<br>१. शारीरिक अवस्थाको निगरानी (Physical Condition Monitoring) गर्ने।<br>२. दैनिक आहार तालिका बनाउने ।<br>३. औषधि प्रवाह (Medication Administration) गर्ने । |
| समय: सैद्धान्तिक ३ घण्टा + व्यावहारिक १२ घण्टा = १५ घण्टा |

| |
|---|
| **मोड्युल ४:** स्वास्थ्य र कल्याण (**Health and Wellness)** |
| **निर्दिष्ट कार्य (Task)** ४.१: शारीरिक अवस्थाको निगरानी (Physical Condition Monitoring) गर्ने। |
| **समय (Duration):** सैद्धान्तिक १ घण्टा + व्यावहारिक ४ घण्टा = ५घण्टा |

| **कार्य चरणहरू (Steps)** | **अन्तिम कार्यसम्पादन उद्देश्य** (Terminal Performance Objective) | **सम्बन्धित प्राविधिक ज्ञान** (Related Technical Knowledge) |
|---|---|---|
| १. आवश्यक जानकारी लिने ।<br>२. आवश्यक औजार, उपकरण र सामग्री संकलन गर्ने।<br>३. बालबालिकाको शारीरिक र मानसिक अवस्थाको अवलोकन गर्ने।<br>४. बालबालिकाको तौल लिने।<br>५. बालबालिकाको उचाइ लिने।<br>६. थर्मोमिटर लिई बालबालिकाको तापक्रम नाप्ने।<br>७. बालबालिकाको दैनिकी अवलोकन गरी टिपोट गर्ने।<br>८. बालबालिकाको असामान्य संकेतहरू पहिचान गरी टिपोट गर्ने।<br>९. अघिल्लो तथ्याङ्कहरूसँग तुलना गरी समीक्षा गर्ने ।<br>१०. बालबालिकाको सूचना सुरक्षित राखी सम्बन्धित अभिभावकलाई सूचना प्रदान गर्ने।<br>११. प्रयोग भएका औजार उपकरणहरू सफा गरी भण्डारण गर्ने ।<br>१२. कार्यको अभिलेखीकरण गर्ने । | **<u>अवस्था (Condition)</u>**<br>• कार्यस्थल<br><br>**<u>निर्दिष्ट कार्य (Task)</u>**<br>शारीरिक अवस्थाको निगरानी (Physical Condition Monitoring) गर्ने।<br>**<u>मानक (Standard)</u>**<br>• बालबालिकाको शारीरिक र मानसिक अवस्थाको अवलोकन गरेको ।<br>• बालबालिकाको तौल, उचाइ र तापक्रम नापेको। | शारीरिक मानसिक अवस्थाको<br>• परिचय<br>• महत्व<br>शारीरिक अवस्थाको निगरानी (Physical Condition Monitoring)<br>• परिचय<br>• असामान्य संकेत<br>• तापक्रम लिने विधि<br>• तौल लिने विधि<br>• उचाइ लिने विधि<br>• टिपोट बनाउने विधि<br>• शारीरिक अवस्थाको निगरानी गर्ने विधि<br>• शारीरिक अवस्थाको निगरानी गर्दा ध्यान दिनुपर्ने कुराहरू |

**औजार, उपकरण र सामग्री (Required Tools/Equipment):** कलम, डायरी, थर्मोमिटर, तौल तथा उचाइ नाप्ने मेशिन

**सुरक्षा तथा सावधानीहरू (Safety/Precautions)**

- व्यक्तिगत सुरक्षाका उपकरणहरू प्रयोग गर्ने ।

| **मोड्युल ४:** स्वास्थ्य र कल्याण (**Health and Wellness**) |
|---|
| **निर्दिष्ट कार्य (Task)** ४.२: दैनिक आहार तालिका बनाउने । |
| **समय (Duration):** सैद्धान्तिक १ घण्टा + व्यावहारिक ४ घण्टा = ५ घण्टा |

| **कार्य चरणहरू (Steps)** | **अन्तिम कार्यसम्पादन उद्देश्य** (Terminal Performance Objective) | **सम्बन्धित प्राविधिक ज्ञान** (Related Technical Knowledge) |
|---|---|---|
| १. आवश्यक जानकारी लिने ।<br>२. आवश्यक औजार, उपकरण र सामग्री संकलन गर्ने।<br>३. दैनिक आहार तालिका बनाउने।<br>४. दैनिक तयारी आहारको चेक जाँच गर्ने।<br>५. खुवाइका लागि निश्चित समय निर्धारण गर्ने।<br>६. हरेक भोजनमा दिइएको खानाको प्रकार र मात्रालाई डायरीमा टिपोट गर्ने।<br>७. खानाको समयमा बालबालिकाको प्रतिक्रिया अवलोकन गर्ने।<br>८. बालबालिकालाई कुनै खाद्य एलर्जी वा मन नपर्ने छ भने खाद्य सामग्री परिमार्जन गर्ने ।<br>९. दैनिक तालिका अभिभावकलाई देखाएर अभिभावकको प्रतिक्रिया र सुझाव लिने।<br>१०.अभिभावकलाई साधारण पोषणको जानकारी दिने ।<br>११.बालबालिकाको भोक वा व्यवहारमा परिवर्तन भएमा टिपोट गर्ने।<br>१२.खुवाइ तालिकाहरूलाई व्यवस्थित र सुरक्षित राख्ने।<br>१३.प्रयोग भएका औजार उपकरण तथा सामग्रीहरू सफा गरी भण्डारण गर्ने ।<br>१४.कार्यको अभिलेखीकरण गर्ने । | **अवस्था (Condition)**<br>• कार्यस्थल<br><br>**निर्दिष्ट कार्य (Task)**<br>दैनिक आहार तालिका बनाउने।<br>**मानक (Standard)**<br>• हरेक भोजनमा दिइएको खानाको प्रकार, मात्रा र व्यवहारलाई डायरीमा टिपोट गरी तालिका बनाएको। | • दैनिक आहार<br>  ○ परिचय<br>  ○ महत्व<br>• पौष्टिक तथा सन्तुलित आहार<br>• खाना खाँदाको व्यवहार खाद्य एलर्जी<br>• दैनिक आहार तालिका बनाउने विधि<br>• दैनिक आहार तालिका बनाउदा ध्यान दिनुपर्ने कुराहरू |

**औजार, उपकरण र सामग्री (Required Tools/Equipment):** कलम, डायरी, पोषण निर्देशिका ।

**सुरक्षाका लागि सावधानीहरू (Safety Precautions)**

- व्यक्तिगत सुरक्षाका उपकरणहरू प्रयोग गर्ने ।
- तालिका बनाउर्दा सवधानी अपनाउने।

| मोड्युल ४: स्वास्थ्य र कल्याण (Health and Wellness) |
|---|
| **निर्दिष्ट कार्य (Task)** ४.३: औषधी प्रवाह (Medication Administration) गर्ने । |
| **समय (Duration):** सैद्धान्तिक १ घण्टा + व्यावहारिक ४ घण्टा = ५ घण्टा |

| कार्य चरणहरू (Steps) | अन्तिम कार्यसम्पादन उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १. आवश्यक जानकारी लिने ।<br>२. आवश्यक औजार, उपकरण र सामग्री संकलन गर्ने।<br>३. बालबालिकाको स्वास्थ्य रिपोर्ट कार्ड अनुसार खोप तथा औषधीहरूको नामको सूची तयार गर्ने।<br>४. समय अनुसार औषधीहरूको मात्रा र तालिका सूची तयार गर्ने ।<br>५. चिकित्सकको निर्देशन अनुसार औषधीको मात्रा मिलाई समयमा प्रवाह गर्ने।<br>६. औषधीलाई सुरक्षित स्थानमा बालबालिकाको पहुँचभन्दा टाढा राख्ने।<br>७. औषधीको साइड इफेक्टको निगरानी गर्ने र कुनै समस्या आएमा तुरुन्त अभिभावक वा स्वास्थ्य विशेषज्ञलाई जानकारी गराउने।<br>८. रेकर्डमा हस्ताक्षर, मिति, र केयरगिभरको नाम लेखेर प्रमाणित गर्ने।<br>९. प्रयोग भएका औजार उपकरणहरू सफा गरी भण्डारण गर्ने ।<br>१०.कार्यको अभिलेखीकरण गर्ने । | **अवस्था (Condition)**<br>कार्यस्थल<br><br>**निर्दिष्ट कार्य (Task)**<br>औषधी प्रवाह (Medication Administration )<br><br>**मानक (Standard)**<br>• चिकित्सकको निर्देशन अनुसार औषधिको उचित मात्रा र समयमा प्रवाह गरेको । | **औषधी प्रवाह (Medication Administration)**<br>• परिचय<br>• महत्व<br>• साइड इफेक्ट<br>• औषधी प्रवाह गर्ने विधि<br>• औषधी प्रवाह गर्दा ध्यान दिनुपर्ने कुराहरू |

**औजार, उपकरण र सामग्री (Required Tools/Equipment):** कलम, डायरी, औषधी, खोप कार्ड, औषधी कार्ड

**सुरक्षा तथा सावधानीहरू (Safety/Precautions)**

- व्यक्तिगत सुरक्षाका उपकरणहरू प्रयोग गर्ने ।
- औषधी खुवाउँदा सावधानी अपनाउने।

# मोड्युल ५

# सामाजिक सीप विकास

# Social Skill Development

## मोड्युल ५: सामाजिक सीप विकास र संवेग नियन्त्रण

| |
|---|
| **विवरण** (Description): यस मोड्युलमा सामाजिक सीप विकास र संवेग नियन्त्रण सम्बन्धी ज्ञान र सीप समावेश गरिएको छ। |
| **मोड्युल परिणाम (Module Outcomes):** यस मोड्युल पूरा भएपछि प्रशिक्षार्थीहरूले अटिजम भएका बालबालिकाहरूलाई अभिवादन (Greetings) गर्न, सम्बन्ध विस्तार गर्न, द्वन्द्व व्यवस्थापन गर्न, सामाजिक आचरण पालना गर्न, संवेगको पहिचान गर्न, ट्रिगरहरू पहिचान गर्न, संवेग व्यक्त गर्न मद्दत र कठिन संवेगहरू व्यवस्थापन गर्नका लागि आवश्यक पर्ने ज्ञान र सीप हासिल गर्न सक्षम हुनेछन् । |
| कार्यहरू:<br>१. अभिवादन (Greetings) गर्ने ।<br>२. सम्बन्ध विस्तार (Relationship development) गर्ने ।<br>३. द्वन्द्व व्यवस्थापन (Conflict resolution) गर्ने ।<br>४. सामाजिक आचरण पालना (Social Conduct - Social Rules and Functioning) गर्ने ।<br>५. संवेग पहिचान गर्ने (Identify and name the Emotion)<br>६. ट्रिगरहरू पहिचान गर्ने (Identify the Triggers)<br>७. संवेग व्यक्त गर्न मद्दत गर्ने (Help to Express the Emotion)<br>८. कठिन संवेगहरू व्यवस्थापन गर्ने (Manage the Difficult Emotion) |
| समय: सैद्धान्तिक १३ घण्टा + व्यावहारिक ३७ घण्टा = ५० घण्टा |

| |
|---|
| **मोड्युल ५: सामाजिक सीप विकास र संवेग नियन्त्रण** |
| **निर्दिष्ट कार्य (Task)** ५.१: अभिवादन (Greetings) गर्ने । |
| **समय (Duration):** सैद्धान्तिक १ घण्टा + व्यावहारिक २ घण्टा = ३ घण्टा |

| **कार्य चरणहरू (Steps)** | **अन्तिम कार्यसम्पादन उद्देश्य (Terminal Performance Objective)** | **सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge)** |
|---|---|---|
| १. आवश्यक जानकारी लिने ।<br>२. आवश्यक औजार, उपकरण र सामग्री संकलन गर्ने।<br>३. अभ्यास गराउनका लागि आवश्यक नमस्ते, हाई, बाई, माया देखाउने संकेतका बारेमा जानकारी लिने।<br>४. बालबालिकाको इच्छा अनुसारको पोजिसनमा राख्ने।<br>५. बालबालिकालाई अभिवादनको बारेमा जानकारी गराउने।<br>६. बालबालिकाको हातलाई अगाडि उठाएर कुहिनोलाई ४५ डिग्रीको बनाउने।<br>७. दुवै हातलाई जोडेर नमस्कार गर्न लगाउने।<br>८. दुवै हातलाई छोड्न लगाउने। | <u>**अवस्था (Condition)**</u><br>कार्यस्थल<br><br><u>**निर्दिष्ट कार्य (Task)**</u><br>अभिवादन (Greetings) गर्ने।<br><br><u>**मानक (Standard)**</u><br>बालबालिकाले नमस्ते, बाई बाई, मायाँ गरेको। | <u>**अभिवादन (Greetings)**</u><br>• परिचय<br>• पोजिसन<br>• अभिवादन गर्ने विधि<br>• अभिवादन गर्दा ध्यान दिनुपर्ने कुराहरू |

| | | |
|---|---|---|
| ९. एउटा हातलाई अगाडि उठाएर कुहिनोलाई ४५ डिग्रीको बनाउने।<br>१०.हातलाई दायाँ बायाँ हल्लाउन लगाउने।<br>११.हातलाई छोड्न लगाउने।<br>१२.एउटा हातलाई अगाडि उठाएर मुखमा लैजाने।<br>१३.हातलाई चुम्बन गर्ने।<br>१४.हातलाई छोड्न लगाउने।<br>१५.यो प्रक्रिया दोहोऱ्याएर गर्न लगाउने।<br>१६.प्रयोग भएका औजार उपकरणहरू सफा गरी भण्डारण गर्ने।<br>१७.कार्यको अभिलेखीकरण गर्ने। | | |

**औजार, उपकरण र सामग्री (Required Tools/Equipment):** चित्र, भिडियो, सामाजिक कथा, White Board, निर्देशिका

**सुरक्षा तथा सावधानीहरू (Safety/Precautions)**

| मोड्युल ५: सामाजिक सीप विकास र संवेग नियन्त्रण |
|---|
| **निर्दिष्ट कार्य (Task)** ५.२: सम्बन्ध विस्तार (Relationship Development) गर्ने । |
| **समय (Duration):** सैद्धान्तिक २ घण्टा + व्यावहारिक ३ घण्टा = ५ घण्टा |

| कार्य चरणहरू (Steps) | अन्तिम कार्यसम्पादन उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १. आवश्यक जानकारी लिने ।<br>२. आवश्यक औजार, उपकरण र सामग्री संकलन गर्ने।<br>३. बालबालिकाको हालको सामाजिक सम्बन्ध विस्तार सीपहरूको अवलोकन गर्ने ।<br>४. सामाजिक संकेतहरू बुझ्न सक्ने नसक्ने यकिन गर्ने।<br>५. विज्ञद्वारा बनाइएको सम्बन्ध विस्तार योजनाको अध्ययन गर्ने।<br>६. दैनिक योजना बनाउने।<br>७. बालबालिकाको रुचिको सूची तयार गर्ने।<br>८. साझा रुचिको पहिचान (Finding Common Interests) गर्ने ।<br>९. रुचि अनुसारको क्रियाकलाप कार्यन्वयन गर्ने<br>१०.peek-a-boo खेल खेल्ने।<br>११.संकेत र संवेगहरू बुझ्ने सीप विकास गर्ने ।<br>१२.साझेदारी खेल खेल्ने।<br>१३.बालबालिकालाई साथीसँग खेल्न प्रोत्साहित गर्ने।<br>१४.समाजमा घुलमिल गर्न चित्र सहितका कथाहरू सुनाउने।<br>१५.अनुकरण (मोडलिङ) प्रविधिको प्रयोग गर्ने ।<br>१६.सामाजिक समूह वा गतिविधिहरूमा सहभागी गराउने।<br>१७.समूह खेलहरूमा सहभागी गराउने।<br>१८.बालबालिकाको संवेदनशीलता बुझ्ने।<br>१९.नियमित सामाजिक अभ्यास खेलहरू समावेश गर्ने।<br>२०.निरन्तर अभ्यास गराउने।<br>२१.प्रयोग भएका औजार उपकरणहरू सफा गरी भण्डारण गर्ने।<br>२२.कार्यको अभिलेखीकरण गर्ने। | **अवस्था (Condition)**<br>• कार्यस्थल<br><br>**निर्दिष्ट कार्य (Task)**<br>सम्बन्ध विस्तार (Relationship Development) गर्ने ।<br><br>**मानक (Standard)**<br>• रुचि अनुसारको खेल र क्रियाकलाप गर्न सकेको। | **सम्बन्ध विस्तार Relationship Development)**<br>• परिचय<br>• महत्व<br>साझा रुचिको विकास<br>• परिचय<br>• महत्व<br>• सूची<br>peek-a-boo<br>• परिचय<br>• महत्व<br><br>खेल्ने तरिका<br>साझेदारी खेल<br>• परिचय<br>• महत्व<br>• खेल्ने तरिका<br><br>अनुकरण<br>• परिचय<br>• महत्व<br><br>संवेदनशीलता<br>• परिचय<br>• महत्व<br><br>सम्बन्ध विस्तार गर्ने विधि<br>सम्बन्ध विस्तार गर्दा ध्यान दिनुपर्ने कुराहरू |

**औजार, उपकरण र सामग्री (Required Tools/Equipment):** चित्र, भिडियो, सामाजिक कथा, White Board, मार्ग निर्देशिका

**सुरक्षा तथा सावधानीहरू (Safety/Precautions)**

- व्यक्तिगत सुरक्षाका उपकरणहरू प्रयोग गर्ने ।
- खेल खेल्दा सावधानी अपनाउने।

| मोड्युल ५: सामाजिक सीप विकास र संवेग नियन्त्रण |
| --- |
| **निर्दिष्ट कार्य (Task)** ५.३: द्वन्द्व व्यवस्थापन (Conflict resolution) गर्ने । |
| **समय (Duration):** सैद्धान्तिक २ घण्टा + व्यावहारिक ६ घण्टा = ८ घण्टा |

| कार्य चरणहरू (Steps) | अन्तिम कार्यसम्पादन उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
| --- | --- | --- |
| १. आवश्यक जानकारी लिने ।<br>२. आवश्यक औजार, उपकरण र सामग्री संकलन गर्ने।<br>३. द्वन्द व्यवस्थापन (Conflict resolution) सीपहरूको अवलोकन गर्ने।<br>४. विज्ञले तयार गरेको योजना अध्ययन गर्ने।<br>५. पालो कुर्ने (turn-taking), धैर्य राख्ने (patience) र अरूको भाव बुझ्ने (empathy) सीपहरू अभ्यास गराउने।<br>६. समूह खेलहरूमा सहभागी गराउने।<br>७. संवेगात्मक नियन्त्रण गर्न (emotional regulation) सिकाउने।<br>८. Calm-down गतिविधि गराउने।<br>९. Calm-down corner बनाउने।<br>१०. Time out सिकाउने।<br>११. Face-matching games खेल्न लगाउने।<br>१२. यथार्थपरक परिस्थितिमा र दैनिक गतिविधिमा अभ्यास गराउने।<br>१३. प्रयोग भएका औजार उपकरणहरू सफा गरी भण्डारण गर्ने।<br>१४. कार्यको अभिलेखीकरण गर्ने। | **<u>अवस्था (Condition)</u>**<br>कार्यस्थल<br><br>**<u>निर्दिष्ट कार्य (Task)</u>**<br>द्वन्द्व व्यवस्थापन (Conflict resolution) गर्ने ।<br><br>**<u>मानक (Standard)</u>**<br>• बालबालिका यथार्थपरक परिस्थितिको गतिविधी सिकाएको। | <u>द्वन्द्व व्यवस्थापन</u><br>• परिचय<br>• महत्व<br>पालो कुर्ने (turn-taking), धैर्य राख्ने (patience), भाव बुझ्ने (empathy) सीप<br>• परिचय<br>• महत्व<br>• विधि<br>संवेगात्मक नियन्त्रण<br>• परिचय<br>• महत्व<br>• विधि<br>Calm-down, Calm-down corner, Time out, Face-matching games र Empathy<br>• परिचय<br>• महत्व<br>• विधि<br>द्वन्द्व व्यवस्थापन गर्ने विधि<br>द्वन्द्व व्यवस्थापन गर्दा ध्यान दिनुपर्ने कुराहरू |

**औजार, उपकरण र सामग्री (Required Tools/Equipment):** चित्र, भिडियो, सामाजिक कथा, White Board, निर्देशिका

**सुरक्षा तथा सावधानीहरू (Safety/Precautions)**

- व्यक्तिगत सुरक्षाका उपकरणहरू प्रयोग गर्ने ।
- द्वन्द्व व्यवस्थापन गर्दा सावधानी अपनाउने।

| मोड्युल ५: सामाजिक सीप विकास र संवेग नियन्त्रण |
| --- |
| **निर्दिष्ट कार्य (Task)** ५.४: सामाजिक आचरणको पालना गर्ने (Social Conduct - Social Rules and Functioning) |
| **समय (Duration):** सैद्धान्तिक २ घण्टा + व्यावहारिक ३ घण्टा = ५ घण्टा |

| कार्य चरणहरू (Steps) | अन्तिम कार्यसम्पादन उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १. आवश्यक जानकारी लिने ।<br>२. आवश्यक औजार, उपकरण र सामग्री संकलन गर्ने।<br>३. सामाजिक आचरण सीपहरूको अवलोकन गर्ने।<br>४. विज्ञले बनाएको योजना अध्ययन गर्ने।<br>५. सामाजिक नियमहरूको सूची बनाउने।<br>६. सामाजिक कथाहरूको प्रयोग गरेर सामाजिक नियमहरू सिकाउने।<br>७. समाजमा व्यवहार गर्ने तरिका चित्रसहितका कथाहरू सुनाई सिकाउने।<br>८. दैनिक जीवनमा सामाजिक गतिविधिहरूको लागि निश्चित समय तोक्ने।<br>९. परिवारको फोटो एल्बम वा नाताको चार्ट/परिवारको नक्सा (Family Tree) बनाउने।<br>१०. समान उमेरका साथीभाइ र आफू भन्दा ठूलो उमेरका मानिसबीच बोल्ने भिन्नता, व्यवहार गर्ने तरिकाहरू सिकाउने ।<br>११. समान्य सामाजिक संकेतहरू सिकाउने।<br>१२. सामाजिक सीमा (Social Boundary) सिकाउने।<br>१३. प्रयोग भएका औजार उपकरणहरू सफा गरी भण्डारण गर्ने।<br>१४. कार्यको अभिलेखीकरण गर्ने। | <u>**अवस्था (Condition)**</u><br>• कार्यस्थल<br><br><u>**निर्दिष्ट कार्य (Task)**</u><br>सामाजिक आचरणको पालना गर्ने।<br><u>**मानक (Standard)**</u><br>• सामाजिक नियमहरू सकेको। | **सामाजिक आचरण**<br>• परिचय<br>• महत्व<br>**दैनिक जीवनमा सामाजिक आचरण**<br>• परिचय<br>**Modeling Techniques**<br>**Positive Behavior Reinforcement**<br>**Assistive**<br>**सामाजिक सीमा (Social Boundary )**<br>• परिचय<br>• महत्व<br>• विधि<br>सामाजिक आचरणको पालना गर्ने विधि<br>सामाजिक आचरणको पालना गर्दा ध्यान दिनुपर्ने कुराहरू |

**औजार, उपकरण र सामग्री (Required Tools/Equipment):** चित्र, भिडियो, सामाजिक कथा, White Board, मार्ग निर्देशिका

**सुरक्षा तथा सावधानीहरू (Safety/Precautions)**

- व्यक्तिगत सुरक्षाका उपकरणहरू प्रयोग गर्ने ।
- सामाजिक आचरणको पालना गर्दा सावधानी अपनाउ

| |
|---|
| **मोड्युल ५: सामाजिक सीप विकास र संवेग नियन्त्रण** |
| निर्दिष्ट कार्य (Task) ५.५: संवेगहरूको पहिचान गर्ने। (Identifying and Naming the Emotions) |
| **समय (Duration):** सैद्धान्तिक १ घण्टा + व्यावहारिक ४ घण्टा = ५ घण्टा |

| **कार्य चरणहरू (Steps)** | **अन्तिम कार्यसम्पादन उद्देश्य** (Terminal Performance Objective) | **सम्बन्धित प्राविधिक ज्ञान** (Related Technical Knowledge) |
|---|---|---|
| १. आवश्यक जानकारी लिने ।<br>२. आवश्यक औजार, उपकरण र सामग्री संकलन गर्ने ।<br>३. बालबालिकाको हालको संवेगात्मक सीपको पहिचान गर्ने ।<br>४. समस्याहरू बारे सूची तयार गर्ने ।<br>५. समस्याको सूचीबारे मानसिक स्वास्थ्य विशेषज्ञहरूसँग छलफल गर्ने।<br>६. तपसिल बमोजिम संवेग कार्ड (Emotion Cards) प्रयोग गर्न सिकाउने<br>• खुशी सिकाउने।<br>• दुःख सिकाउने।<br>• रिस सिकाउने।<br>• डर सिकाउने।<br>७. विशेषज्ञहरूले दिएका तपसिल बमोजिमका सीप विकासका क्रियाकलापहरू कार्यन्वयन गर्ने।<br>• ऐना अगाडि उभिएर विभिन्न संवेगहरूको अभिव्यक्ति देखाउने।<br>• संवेगहरू झल्काउने बाल गीतहरू सुनाउने।<br>• खुशी भएको बेला ताली बजाउन लगाउने।<br>• रिसाएको बेला हात मुठी पार्न लगाउने।<br>• दुखी भएको बेला आँखा माड्ने र शारीरिक हाउभाउ गर्न लगाउने।<br>• Static images प्रयोग गर्ने।<br>• संवेगहरू भएका कार्डहरू बनाउने।<br>• चित्र सेटहरू र डिजिटल apps प्रयोग गरेर संवेग चिन्न अभ्यास गराउने।<br>• play-based learning गतिविधिहरू समावेश गर्ने।<br>८ निरन्तर अभ्यास गराउने।<br>९ प्रयोग भएका औजार उपकरणहरू सफा गरी भण्डारण गर्ने। | **अवस्था (Condition)**<br>• कार्यस्थल<br><br>**निर्दिष्ट कार्य (Task)**<br>संवेगहरूको पहिचान गर्ने।<br>**मानक (Standard)**<br>बालबालिकाले विभिन्न व्यवहारहरूको प्रतिक्रिया दिएको। | **संवेग**<br>• पहिचान<br>• प्रकार<br>**Skills Development**<br>• परिचय<br>• महत्व<br>खुशी, दुःखी, रिस र डरबारे सिकाउने विधि।<br>ऐना अगाडि उभिएर विभिन्न संवेगहरूको अभिव्यक्ति देखाउने विधि।<br>static images<br>• परिचय<br>• महत्व<br>• प्रयोग<br>डिजिटल apps<br>• परिचय<br>• महत्व<br>• प्रयोग<br>play-based learning<br>• परिचय<br>• महत्व<br>• प्रयोग |

| | | |
|---|---|---|
| १० कार्यको अभिलेखीकरण गर्ने । | | |

**औजार,उपकरण र सामग्री (Required Tools/Equipment):** संवेग मापक स्केल (Emotion Rating Scale) कापी र कलम, तालिम निर्देशिका, डायरी (Diary), प्रश्नावली (Questionnaire), चेकलिस्ट (Checklist), योजना तालिका (Planning Schedule), दृश्यात्मक चार्ट

**सुरक्षा तथा सावधानीहरू (Safety/Precautions)**

- व्यक्तिगत सुरक्षाका उपकरणहरू प्रयोग गर्ने ।

| मोड्युल ५: सामाजिक सीप विकास र संवेग नियन्त्रण |
|---|
| **निर्दिष्ट कार्य (Task)** ५.६: ट्रिगरहरू पहिचान गर्ने (Identify the Triggers) |
| **समय (Duration):** सैद्धान्तिक १ घण्टा + व्यावहारिक ६ घण्टा = ७ घण्टा |

| **कार्य चरणहरू (Steps)** | **अन्तिम कार्यसम्पादन उद्देश्य** (Terminal Performance Objective) | **सम्बन्धित प्राविधिक ज्ञान** (Related Technical Knowledge) |
|---|---|---|
| १. आवश्यक जानकारी लिने ।<br>२. आवश्यक औजार, उपकरण र सामग्री संकलन गर्ने।<br>३. बालबालिकाको हालको ट्रिगरहरूको प्रारम्भिक पहिचान गर्ने ।<br>४. ट्रिगरहरूको मुख्य कारणहरू पत्ता लगाएर सूची तयार पार्ने।<br>५. सूचीबारे मानसिक स्वास्थ्य विशेषज्ञहरूसँग छलफल गर्ने।<br>६. स्वास्थ्य विशेषज्ञले बनाएको योजना कार्यवन्यनको लागि<br>• पूर्ववर्ती अवस्था, व्यवहारमा परिवर्तन, निम्त्याउन सक्ने परिणाम पत्ता लगाएर सूची तयार पार्ने।<br>• सूचीमा रहेको सम्बन्ध बुझाउन सामाजिक कथाहरू प्रयोग गर्ने।<br>• बालबालिकाहरू रिसाउँदाको सूची तयार गर्ने।<br>• बालबालिकाहरू खुसीको सूची तयार गर्ने।<br>• यदि बालबालिका तनावमा छ भने, शान्त पार्ने गतिविधिहरू गर्ने।<br>• बालबालिकाले सिकाएको सीप सिकेमा प्रशंसा गर्ने।<br>• परिवारका सदस्यहरूलाई ट्रिगरहरूको बारेमा जानकारी गराउने ।<br>७. व्यवहारलाई निरन्तर अभ्यास गराउने।<br>८. प्रयोग भएका औजार उपकरणहरू सफा गरी भण्डारण गर्ने।<br>९. कार्यको अभिलेखीकरण गर्ने । | **अवस्था (Condition)**<br>• कार्यस्थल<br><br>**निर्दिष्ट कार्य (Task)**<br>ट्रिगरहरू पहिचान गर्ने<br><br>**मानक (Standard)**<br>बालबालिकाहरू खुशी र शान्तसँग बसेका। | ट्रिगर<br>• पहिचान<br>• महत्व<br>• प्रकार<br>ट्रिगरहरू पहिचान गर्ने विधि<br>ट्रिगरहरू पहिचान गर्दा ध्यान दिनुपर्ने कुराहरू |

**औजार, उपकरण र सामग्री (Required Tools/Equipment):** सामाजिक कथाहरू, रेकर्ड वर्क सिट,चार्ट, तालिम निर्देशिका

**सुरक्षा तथा सावधानीहरू (Safety/Precautions)**

व्यक्तिगत सुरक्षाका उपकरणहरू प्रयोग गर्ने ।

| मोड्युल ५: सामाजिक सीप विकास र संवेग नियन्त्रण |
|---|
| **निर्दिष्ट कार्य (Task)** ५.७: संवेग व्यक्त गर्न मद्दत गर्ने (Help to Express the Emotion) |
| **समय (Duration):** सैद्धान्तिक १ घण्टा + व्यावहारिक ५ घण्टा = ६ घण्टा |

| कार्य चरणहरू (Steps) | अन्तिम कार्यसम्पादन उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १. आवश्यक जानकारी लिने ।<br>२. आवश्यक औजार, उपकरण र सामग्री संकलन गर्ने।<br>३. कलात्मक विधिहरूको प्रयोग गरी व्यक्त गर्ने सीपहरूको सूची तयार बनाउने।<br>४. सूची बारे मानसिक स्वास्थ्य विशेषज्ञहरूसँग छलफल गर्ने।<br>५. स्वास्थ्य विशेषज्ञले बनाएको योजना कार्यवन्यन गराउने।<br>• शब्द, इशारा वा तस्वीरहरूबाट व्यक्त गर्न सिकाउने।<br>• बालबालिकाका पुस्तकहरू प्रयोग गरी चिन्न र व्यक्त गर्न सिकाउने।<br>• शब्दावली सिकाउने ।<br>• वास्तविक परिदृश्यहरू (real-life scenarios) देखाउन सामग्री प्रयोग गर्ने।<br>• औंलाले देखाउन वा चित्र कोर्न अनुमति दिने।<br>• बालबालिकालाई नक्कल गर्न लगाउने।<br>• बालबालिकालाई शब्द प्रयोग गर्न गाह्रो भएमा, संकेत वा चित्र मार्फत व्यक्त गर्न लगाउने।<br>६. प्रयोग भएका औजार उपकरणहरू सफा गरी भण्डारण गर्ने ।<br>७. कार्यको अभिलेखीकरण गर्ने । | **अवस्था (Condition)**<br>• कार्यस्थल<br><br>**निर्दिष्ट कार्य (Task)**<br>संवेग व्यक्त गर्न मद्दत गर्ने ।<br>**मानक (Standard)**<br>बालबालिकाले अनुभवहरू व्यक्त गरेका। | संवेग<br>• परिचय<br>• महत्व<br>• प्रकार<br>संवेग व्यक्त गर्न मद्दत गर्ने विधि<br>संवेग व्यक्त गर्न मद्दत गर्दा ध्यान दिनुपर्ने कुराहरू |

**औजार, उपकरण र सामग्री (Required Tools/Equipment):** सामाजिक कथाहरू, रेकर्ड वर्क सीट, चार्ट

**सुरक्षा तथा सावधानीहरू (Safety/Precautions)**

व्यक्तिगत सुरक्षाका उपकरणहरू प्रयोग गर्ने ।

| मोड्युल ५: सामाजिक सीप विकास र संवेग नियन्त्रण |
|---|
| **निर्दिष्ट कार्य (Task)** ५.८: कठिन संवेगहरू व्यवस्थापन गर्ने (Manage the Difficult Emotions) |
| **समय (Duration):** सैद्धान्तिक ३ घण्टा + व्यावहारिक ८ घण्टा = ११ घण्टा |

| कार्य चरणहरू (Steps) | अन्तिम कार्यसम्पादन उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १. आवश्यक जानकारी लिने ।<br>२. आवश्यक औजार, उपकरण र सामग्री संकलन गर्ने ।<br>३. संवेग व्यवस्थापन र नियन्त्रण गर्ने सीपहरूको अवलोकन गरी सूची बनाउने।<br>४. सूची बारे मानसिक स्वास्थ्य विशेषज्ञहरूसँग छलफल गर्ने।<br>५. स्वास्थ्य विशेषज्ञले बनाएको योजना कार्यवन्यन गराउने।<br>६. समस्या समाधान गर्ने उपाय सिकाउने<br>७. Stop, Think, Decide विधि सिकाउने।<br>८. शान्त हुने वैकल्पिक उपायहरू सिकाउने।<br>९. Calming Techniques सिकाउने ।<br>१०. If-Then खेल्ने विधि सिकाउने ।<br>११. निरन्तर अभ्यास गराउने।<br>१२. प्रयोग भएका औजार उपकरणहरू सफा गरी भण्डारण गर्ने।<br>१३. कार्यको अभिलेखीकरण गर्ने । | **अवस्था (Condition)**<br>• कार्यस्थल<br><br>**निर्दिष्ट कार्य (Task)**<br>कठिन संवेगहरू व्यवस्थापन गर्ने<br>**मानक (Standard)**<br>बालबालिकाले Stop, Think, Decide गर्न जानेको।<br>बालबालिकाले Calming Techniques जानेको। | कठिन संवेगहरूको व्यवस्थापन<br>• परिचय<br>• महत्व<br>• प्रकार<br>• Problem-Solving Skills ,Stop, Think, Decide, Calming Techniques, If-Then सिकाउने विधि र सिकाउँदा ध्यान दिनुपर्ने कुराहरू |

**औजार, उपकरण र सामग्री (Required Tools/Equipment)** संवेग मापन स्केल, कापी र कलम, तालिम निर्देशिका, डायरी, प्रश्नावली, चेकलिस्ट, आरामदायी अभ्यासका स्क्रिप्ट, दैनिक तालिका चार्ट, पालो कुर्ने चार्ट, सकारात्मक व्यवहार चार्ट, संवेग कार्ड

**सुरक्षा तथा सावधानीहरू (Safety/Precautions)**
- व्यक्तिगत सुरक्षाका उपकरणहरू प्रयोग गर्ने ।

# मोड्युल ६
# संचार सीपको विकास
# Communication Skills Development

**मोड्युल ६: संचार सीपको विकास** (Communication Skills Development)

| | |
|---|---|
| **विवरण (Description)**: यस मोड्युलमा संचार सीपको विकास सम्बन्धी ज्ञान र सीप समावेश गरिएको छ। | |
| **मोड्युल परिणाम (Module Outcomes)**: यस मोड्युल पूरा भएपछि प्रशिक्षार्थीहरूले अटिजम भएका बालबालिकाहरूको लागि आवश्यक पर्ने भाषा बुझाइ, पोइन्टिङ स्किल, सयुक्त ध्यान, छनौट गर्ने, अनुरोध गर्ने, आलो पालो गर्ने, एएसी प्रयोग गर्ने क्षमता, ज्ञान र सीप हासिल गर्न सक्षम हुनेछन् । | |
| कार्यहरू:<br>१ भाषा बुझाइको सीप (Receptive Language Skill) सिक्ने ।<br>२ पोइन्टिङ स्किल (Pointing Skill) प्रयोग गर्ने ।<br>३ संयुक्त ध्यान दिने (Joint Attention) विधि प्रयोग गर्ने ।<br>४ छनौट गर्ने क्षमता विकास गर्ने (Choice Making)।<br>५ अनुरोध गर्ने क्षमताको विकास गर्ने ( Requesting)।<br>६ आलोपालो क्षमताको विकास गर्ने ( Turn Taking )।<br>७ एएसी प्रयोग गर्ने Alternative and Agumentative Communication (AAC Usage) । | |
| समय: सैद्धान्तिक ८ घण्टा + व्यावहारिक २२ घण्टा = ३० घण्टा | |

| | |
|---|---|
| **मोड्युल ६: संचार सीपको विकास (Communication Skills Development)** | |
| **निर्दिष्ट कार्य (Task)** ६.१: भाषा बुझाइको सीप सिक्ने (Receptive Language Skill) । | |
| **समय (Duration):** सैद्धान्तिक १ घण्टा + व्यावहारिक ३ घण्टा = ४ घण्टा | |

| **कार्य चरणहरू (Steps)** | **अन्तिम कार्यसम्पादन उद्देश्य (Terminal Performance Objective)** | **सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge)** |
|---|---|---|
| १ आवश्यक जानकारी लिने ।<br>२ आवश्यक औजार, उपकरण र सामग्री संकलन गर्ने<br>३ बालबालिकालाई Cord Word सिकाउने।<br>४ बालबालिकालाई साधारण निर्देशनहरू सिकाउने।<br>५ चित्र र वस्तुहरू प्रयोग गरी बालबालिकालाई शब्द र अर्थ जोड्न सिकाउने।<br>६ कथा र गीतहरू प्रयोग गरी बालबालिकाको शब्द र वाक्य सिकाउने।<br>७ बालबालिकालाई सरल प्रश्नहरूको प्रतिक्रिया दिन सिकाउने।<br>८ प्रयोग भएका औजार उपकरणहरू सफा गरी भण्डारण गर्ने ।<br>९ कार्यको अभिलेखीकरण गर्ने । | **अवस्था (Condition)**<br>• कार्यस्थल<br><br>**निर्दिष्ट कार्य (Task)**<br>भाषाको बुझाइ सम्बन्धी सीप सिक्ने<br><br>**मानक (Standard)**<br>बालबालिकाले शब्द, वाक्य र सरल प्रश्नहरूको प्रतिक्रिया दिएको | **भाषाको बुझाइ सम्बन्धी सीप (Receptive Language Skill)**<br>• परिचय<br>Core Word, शब्द, अर्थ र सरल प्रश्नहरू<br>• परिचय<br>• विधि<br>भाषाको बुझाइ सम्बन्धी सीप सिक्ने विधि र ध्यान दिनुपर्ने कुराहरू |

**औजार, उपकरण र सामग्री (Required Tools/Equipment):** चित्र, भिडियो, सामाजिक कथा, White Board, Chart, मार्ग निर्देशिका

**सुरक्षा तथा सावधानीहरू (Safety/Precautions)**

- व्यक्तिगत सुरक्षाका उपकरणहरू प्रयोग गर्ने ।
- भाषाको बुझाइ सम्बन्धी सीप सिक्दा सावधानी अपनाउने।

| मोड्युल ६: संचार सीपको विकास (Communication Skills Development) |
|---|
| निर्दिष्ट कार्य (Task) ६.२: पोइन्टिङ्ग स्किलको प्रयोग गर्ने (Pointing Skill)। |
| समय (Duration): सैद्धान्तिक १ घण्टा + व्यावहारिक ३ घण्टा = ४ घण्टा |

| कार्य चरणहरू (Steps) | अन्तिम कार्यसम्पादन उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १. आवश्यक जानकारी लिने ।<br>२. आवश्यक औजार, उपकरण र सामग्री संकलन गर्ने।<br>३. चित्र वा वस्तु लिने ।<br>४. चित्र वा वस्तुलाई औंलाले देखाउने ।<br>५. बालबालिकालाई हातको औंलाले वस्तु देखाउन लगाउने ।<br>६. बालबालिकालाई हातको औंलाले चित्र देखाउन लगाउने ।<br>७. बालबालिकालाई वरिपरिको वस्तु वा चित्र देखाउन लगाउने ।<br>८. बालबालिकालाई बिनानिर्देशन नै वस्तु वा चित्र देखाउन लगाउने ।<br>९. प्रयोग भएका औजार उपकरणहरू सफा गरी भण्डारण गर्ने ।<br>१०. कार्यको अभिलेखीकरण गर्ने । | **अवस्था (Condition)**<br>• कार्यस्थल<br><br>**निर्दिष्ट कार्य (Task)**<br>पोइन्टिङ स्किलको प्रयोग गर्ने।<br>**मानक (Standard)**<br>• बालबालिकाले हातको औंलाले वस्तु वा चित्र देखाएको।<br>• बालबालिकाले बिनानिर्देशन नै वस्तु वा चित्र देखाएको। | **पोइन्टिङ्ग स्किल**<br>• परिचय<br>• महत्व<br>पोइन्टिङ स्किल विधि<br>पोइन्टिङ स्किलको प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरू |

**औजार, उपकरण र सामग्री (Required Tools/Equipment):** चित्र, भिडियो, सामाजिक कथा, White Board, Chart, मार्ग निर्देशिका

**सुरक्षा तथा सावधानीहरू (Safety/Precautions)**

- व्यक्तिगत सुरक्षाका उपकरणहरू प्रयोग गर्ने ।
- पोइन्टिङ स्किलको प्रयोग गर्दा सावधानी अपनाउने।

| मोड्युल ६: संचार सीपको विकास (Communication Skills Development) |
|---|
| **निर्दिष्ट कार्य (Task)** ६.३: संयुक्त ध्यान दिने (Joint Attention) विधिको प्रयोग गर्ने। |
| **समय (Duration):** सैद्धान्तिक १ घण्टा + व्यावहारिक ३ घण्टा = ४ घण्टा |

| कार्य चरणहरू (Steps) | अन्तिम कार्यसम्पादन उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १. आवश्यक जानकारी लिने ।<br>२. आवश्यक औजार, उपकरण र सामग्री संकलन गर्ने।<br>३. बालबालिकालाई सहज पोजिसनमा राख्ने ।<br>४. एक ठाँउमा वस्तु राख्ने।<br>५. बालबालिकलाई वस्तुतर्फ देखाउने।<br>६. बालबालिकालाई वस्तुतर्फ ध्यान दिन सिकाउने।<br>७. बालबालिकालाई तेस्रो व्यक्तिले दिएको संकेत वा ध्यान आकर्षण भएको प्रतिक्रिया दिन सिकाउने।<br>८. बालबालिकालाई बिनानिर्देशन नै वस्तुतर्फ स्वतन्त्र रूपमा ध्यान दिन सिकाउने।<br>९. प्रयोग भएका औजार उपकरणहरू सफा गरी भण्डारण गर्ने ।<br>१०. कार्यको अभिलेखीकरण गर्ने । | **अवस्था (Condition)**<br>• कार्यस्थल<br><br>**निर्दिष्ट कार्य (Task)**<br>संयुक्त ध्यान दिने (Joint Attention) विधिको प्रयोग गर्ने।<br>**मानक (Standard)**<br>• बालबालिकाले वस्तुतर्फ बिनानिर्देशन ध्यान दिएको। | **सयुक्त ध्यान (Joint Attention)**<br>• परिचय<br>• विधि<br>संयुक्त ध्यान दिने विधि<br>सयुक्त ध्यान दिने विधिको प्रयोग गर्दा ख्याल गर्नुपर्ने कुराहरू |

**औजार, उपकरण र सामग्री (Required Tools/Equipment):** चित्र, भिडियो, सामाजिक कथा, White Board खेलौना, Chart, मार्ग निर्देशिका

**सुरक्षा तथा सावधानीहरू (Safety/Precautions)**

- व्यक्तिगत सुरक्षाका उपकरणहरू प्रयोग गर्ने ।
- बालबालिकाले वस्तुतर्फ ध्यान दिंदा सावधानी अपनाउने ।

| मोड्युल ६: संचार सीपको विकास (Communication Skills Development) |
|---|
| निर्दिष्ट कार्य (Task) ६.४: दुई वस्तु वा कार्य बीच छनौट गर्ने (Choice making) । |
| समय (Duration): सैद्धान्तिक १ घण्टा + व्यावहारिक ३ घण्टा = ४ घण्टा |

| कार्य चरणहरू (Steps) | अन्तिम कार्यसम्पादन उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १. आवश्यक जानकारी लिने ।<br>२. आवश्यक औजार, उपकरण र सामग्री संकलन गर्ने।<br>३. बालबालिकालाई दुई वस्तु दिने।<br>४. बालबालिकालाई दुई वस्तु बीच छनौट गर्न लगाउने।<br>५. बालबालिकालाई छनौट गरिएको वस्तुलाई फरक फरक ठाँउमा राख्न सिकाउने।<br>६. बालबालिकालाई दुई कार्य दिने।<br>७. बालबालिकालाई दुई कार्य बीच छनौट गर्न लगाउने ।<br>८. बालबालिकालाई दुई कार्य बीच फरक छुट्टाउन लगाउने।<br>९. बालबालिकाले छनौट गरेपछि त्यसको प्रतिक्रिया दिने।<br>१०. बालबालिकाको क्षमता अनुसार छनौटका प्रक्रिया बढाउँदै लैजाने।<br>११. बालबालिकालाई कुनै प्रत्यक्ष प्रोत्साहन बिना नै स्वतन्त्र रूपमा छनौट गर्न सिकाउने।<br>१२. प्रयोग भएका औजार उपकरणहरू सफा गरी भण्डारण गर्ने।<br>१३. कार्यको अभिलेखीकरण गर्ने । | **अवस्था (Condition)**<br>• कार्यस्थल<br>**निर्दिष्ट कार्य (Task)**<br>दुई वस्तु वा कार्य बीच छनौट गर्ने।<br>**मानक (Standard)**<br>बालबालिका आफैले वस्तु वा कार्यको छनोट गरेको । | **Choice making**<br>• परिचय<br>• विधि<br>• उद्देश्य<br>दुई वस्तु वा कार्य बीच छनौट गर्ने विधि<br>दुई वस्तु वा दुई कार्य बीच छनौट गर्दा ध्यान दिनुपर्ने कुराहरू |

**औजार, उपकरण र सामग्री (Required Tools/Equipment):** चित्र, चित्रात्मक संकेत, कापी, कलम, तालिम निर्देशिका, डायरी, दैनिक तालिका, दृश्य सहायक सामग्री, सामाजिक कथा

**सुरक्षा तथा सावधानीहरू (Safety/Precautions)**

- व्यक्तिगत सुरक्षाका उपकरणहरू प्रयोग गर्ने ।
- बालबालिकाले वस्तुतर्फ ध्यान दिंदा सावधानी अपनाउने।
-

| मोड्युल ६: संचार सीपको विकास (Communication Skills Development) | | |
|---|---|---|
| **निर्दिष्ट कार्य (Task)** ६.५: अनुरोध गर्ने (Requesting) । | | |
| **समय (Duration):** सैद्धान्तिक १ घण्टा + व्यावहारिक ३ घण्टा = ४ घण्टा | | |
| **कार्य चरणहरू (Steps)** | **अन्तिम कार्यसम्पादन उद्देश्य** (Terminal Performance Objective) | **सम्बन्धित प्राविधिक ज्ञान** (Related Technical Knowledge) |
| १. आवश्यक जानकारी लिने ।<br>२. आवश्यक औजार, उपकरण र सामग्री संकलन गर्ने।<br>३. बालबालिकालाई हात बढाउन सिकाउने।<br>४. बालबालिकालाई हात बढाएर वस्तु माग्नको लागि संकेत गर्न सिकाउने।<br>५. बालबालिकालाई वस्तु लिएपछि धन्यवाद भन्न सिकाउने।<br>६. बालबालिकालाई आफ्नो आवश्यकता व्यक्त गर्न सिकाउने ।<br>७. बालबालिकालाई प्रतिक्रिया दिन सिकाउने।<br>८. बालबालिकालाई कुनै प्रत्यक्ष प्रोत्साहन बिना नै स्वतन्त्र रूपमा अनुरोध गर्न सिकाउने।<br>९. प्रयोग भएका औजार उपकरणहरू सफा गरी भण्डारण गर्ने।<br>१०. कार्यको अभिलेखीकरण गर्ने । | **अवस्था (Condition)**<br>• कार्यस्थल<br>**निर्दिष्ट कार्य (Task)**<br>अनुरोध गर्ने।<br>**मानक (Standard)**<br>बालबालिकाले आफ्नो आवश्यकता व्यक्त गरी वस्तु माग्न सिकेको। | अनुरोध गर्ने<br>• परिचय<br>• उद्देश्य<br>अनुरोध गर्ने विधि<br>अनुरोध गर्दा ध्यान दिनुपर्ने कुराहरू |

**औजार, उपकरण र सामग्री (Required Tools/Equipment):** चित्र, चित्रात्मक संकेत, कापी, कलम, तालिम निर्देशिका, डायरी, दैनिक तालिका, दृश्य सहायक सामग्री, सामाजिक कथा

**सुरक्षा तथा सावधानीहरू (Safety/Precautions)**

- व्यक्तिगत सुरक्षाका उपकरणहरू प्रयोग गर्ने ।

| मोड्युल ६: संचार सीपको विकास (Communication Skills Development) |
|---|
| **निर्दिष्ट कार्य (Task)** ६.६: आलोपालो खेल्ने। |
| **समय (Duration):** सैद्धान्तिक १ घण्टा + व्यावहारिक ३ घण्टा = ४ घण्टा |

| कार्य चरणहरू (Steps) | अन्तिम कार्यसम्पादन उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १. आवश्यक जानकारी लिने ।<br>२. आवश्यक औजार, उपकरण र सामग्री संकलन गर्ने।<br>३. दुई बालबालिकालाई बस्न वा उभिन लगाउने।<br>४. एक जना बालक/बालिकाको हातमा बल दिने।<br>५. बालबालिकालाई अर्को व्यक्तिको पालोसम्म प्रतीक्षा गर्न सिकाउने।<br>६. बललाई समाएर अर्को बालबालिकाको हातमा पर्ने गरी फाल्न लगाउने।<br>७. फेरी दोस्रो बालबालिकाको हातमा भएको बललाई पहिलो बालबालिकाको हातमा फाल्न लगाउने।<br>८. बालबालिकालाई एक अर्का बीच बललाई हातमा फाल्न लगाउने ।<br>९. बालबालिकाले एक अर्को बीच बल खेल्दा देखाएको प्रतिक्रिया अवलोकन गर्ने ।<br>१०. बालबालिकालाई कुनै प्रत्यक्ष प्रोत्साहन बिना नै स्वतन्त्र रूपमा एक अर्को बीच खेल्न सिकाउने।<br>११. प्रयोग भएका औजार उपकरणहरू सफा गरी भण्डारण गर्ने।<br>१२. कार्यको अभिलेखीकरण गर्ने । | **अवस्था (Condition)**<br>• कार्यस्थल<br>**निर्दिष्ट कार्य (Task)**<br>आलोपालो खेल्ने<br>**मानक (Standard**<br>बालबालिकाले एकआपसमा बल खेलेको। | आलोपालो खेल्ने<br>• परिचय<br>• उद्देश्य<br>आलो पालो खेल्ने विधि<br>आलो पालो खेल्दा ध्यान दिनुपर्ने कुराहरू |

**औजार, उपकरण र सामग्री (Required Tools/Equipment):** चित्र, चित्रात्मक संकेत, कापी, कलम, तालिम निर्देशिका, डायरी, दैनिक तालिका, दृश्य सहायक सामग्री, सामाजिक कथा

**सुरक्षा तथा सावधानीहरू (Safety/Precautions)**

- व्यक्तिगत सुरक्षाका उपकरणहरू प्रयोग गर्ने ।

| मोड्युल ६: संचार सीपको विकास (**Communication Skills Development**) |
|---|
| **निर्दिष्ट कार्य (Task)** ६.६ एएसी प्रयोग गर्ने (Alternative and Augmentative Communication, AAC Usage) |
| **समय (Duration):** सैद्धान्तिक २ घण्टा + व्यावहारिक ४ घण्टा = ६ घण्टा |

| **कार्य चरणहरू (Steps)** | **अन्तिम कार्यसम्पादन उद्देश्य** (Terminal Performance Objective) | **सम्बन्धित प्राविधिक ज्ञान** (Related Technical Knowledge) |
|---|---|---|
| १. आवश्यक जानकारी लिने ।<br>२. आवश्यक औजार, उपकरण र सामग्री संकलन गर्ने।<br>३. बालबालिकालाई एएसी उपकरणको परिचय गराउने।<br>४. बालबालिकालाई एएसी उपकरण प्रयोग गरेर सरल संकेतहरू गर्न सिकाउने।<br>५. बालबालिकालाई एएसी उपकरण प्रयोग गरेर सरल वाक्य संरचना गर्न सिकाउने।<br>६. बालबालिकाले एएसी उपकरण प्रयोग गरेर संकेत गरेपछि प्रतिक्रिया दिने।<br>७. बालबालिकालाई कुनै प्रत्यक्ष प्रोत्साहन बिना नै स्वतन्त्र रूपमा एएसी उपकरण प्रयोग गर्न सिकाउने।<br>८. प्रयोग भएका औजार उपकरणहरू सफा गरी भण्डारण गर्ने।<br>९. कार्यको अभिलेखीकरण गर्ने । | **अवस्था (Condition)**<br>• कार्यस्थल<br>**निर्दिष्ट कार्य (Task)**<br>एएसी प्रयोग गर्ने<br>**मानक (Standard)**<br>AAC को प्रयोग गरी संचार गर्न सक्षम भएको। | एएसी<br>• परिचय<br>• प्रकार<br>• महत्व<br>**AAC** प्रयोगको विधि<br>**AAC** प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरू |

**औजार, उपकरण र सामग्री (Required Tools/Equipment):** चित्र, चित्रात्मक संकेत, कापी, कलम, तालिम निर्देशिका, डायरी, दैनिक तालिका, दृश्य सहायक सामग्री, सामाजिक कथा

**सुरक्षा तथा सावधानीहरू (Safety/Precautions)**

- व्यक्तिगत सुरक्षाका उपकरणहरू प्रयोग गर्ने ।

# मोड्युल ७

# व्यवहार व्यवस्थापन

# Behavioral Management

**मोड्युल ७: व्यवहार व्यवस्थापन** (Behavioural Management)

| |
|---|
| **विवरण(Description)**: यो मोडयुलमा व्यवहार व्यवस्थापन सम्बन्धी ज्ञान र सीप समावेश गरिएको छ। |
| **मोड्युल परिणाम (Module Outcomes):** यो मोडयुल पूरा भएपछि प्रशिक्षार्थीहरूले बालबालिकाहरूले गरेका वा देखाएका व्यवहारहरूको सूची बनाउने र वर्गीकरण वा छनौट गर्ने, अपेक्षित व्यवहारलाई सुदृढीकरण गर्ने वा हौसला दिने र चुनौतीपूर्ण व्यवहारलाई व्यवस्थापन गर्ने ज्ञान र सीप हासिल गर्न सक्षम हुनेछन् । |
